का.जि.प्र.का.द.नं. १००/०५९/६०
३० मंसिर २०८१,
आइतबार
15 December, 2024
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक २९६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# ऊर्जामन्त्रीको 'अटेर'

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २९ मंसिर ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काको कम्पनीले नेपाल स्काउटलाई जरिमाना तिर्नु नपर्ने दाबी गर्दै काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको छ । स्काउटले पनि जरिमानासहित आफूले रकम पाउनुपर्ने दाबी गर्दै जिल्ला अदालतमै रिट दिएको छ । दुवै मुद्दा विचाराधीन छन्

खड्का ल्यान्ड डेभलपमेन्ट प्रा. लि. र नेपाल स्काउटबीचको विवादले ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का पनि विवादित भएका छन् ।

खड्का ल्यान्ड डेभलपमेन्ट प्रा. लि. खड्काकै कम्पनी हो । यो कम्पनीले नेपाल स्काउटको लैनचौरस्थित ३ रोपनी जग्गा र २ वटा भवन भाडामा लिएर लामो समयदेखि व्यापार गर्दै आएको छ । खड्काको कम्पनीले उक्त जग्गामा पार्टी प्यालेस संचालन गर्दै आएको छ भने २ वटा भवन विभिन्न पसलहरूलाई भाडामा लगाउँदै आएको छ ।

तर, भाडाबापत पैसा उठाए पनि खड्काको कम्पनीले स्काउटलाई पैसा तिर्न अटेर गर्दै आएको भनेर मन्त्री खड्कामाथि नै प्रश्न उठेको हो ।

नेपाल स्काउटका अनुसार खड्का ल्यान्ड डेभलेपमेन्ट प्रा. लि.ले ५ करोड १९ लाख २७ हजार ८५१ रुपैयाँ बक्यौता



तिर्न बाँकी छ । यो विवरण स्काउटले संसदीय समितिलाई पनि उपलब्ध गराएको छ ।

यसअघि प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले स्काउटसँग भाडाको विषयमा जबाफ मागेको थियो । सोही आधारमा बिहीबार स्काउटले जबाफी पत्र पठाएको हो, जसमा खड्का ल्यान्डको बक्यौता ५ करोड १९ लाख २७ हजार ८५१ रुपैयाँ रहेको उल्लेख छ ।

स्काउटले १४ माघ २०८० मा राज्य व्यवस्था समितिमा उजुरी दर्ता गरेको थियो । उजुरी दर्ता भएको १० महिनापछि गत सोमबार सांसदहरूलाई वितरण गरिएको थियो । स्काउटले दिएको विवरणका आधारमा छलफल चलाउने तयारी समिति सचिवालयको पृष्ठ २ मा

# उल्टो बाटो हिँड्न खोजे, महाअभियोगबाट हटाइए



युन सुक येओल आवधिक निर्वाचनमार्फत मुलुकको नेतृत्व गर्न पुगेका थिए । जब अल्पमतमा परे, तब सैन्य शासन लगाउने निर्णयमा पुगेर उल्टो बाटो हिँड्न खोजे । त्यसलाई जनताको प्रतिरोधले थेगेन र शनिबार महाअभियोगबाट हटाइएका हुन्

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २९ मंसिर ।

दक्षिण कोरियाली राष्ट्रपति युन सुक येओल महाअभियोगबाट हटाइएका छन् । शनिबार दक्षिण कोरियाको संसद्ले राष्ट्रपति येओलविरुद्धको महाअभियोग प्रस्ताव पारित गरेको हो । जब सतारूढ दलकै सांसदहरूले राष्ट्रपतिविरुद्धको महाअभियोग प्रस्तावको पक्षमा मतदान गरे, तब उनको शक्ति टिकेन ।

महाभियोगका लागि दुई तिहाइ बहुमत आवश्यक थियो । विपक्षी दलसँग मात्र त्यो शक्ति थिएन । सत्तारूढ दलले समेत साथ दिएपछि २०४ सांसदले महाअभियोगको पक्षमा र ८५ सांसदले विपक्षमा मतदान गरे । ३ जना सांसदले मतदानमा भाग लिएनन् भने ८ मत बदर भएको थियो ।

दक्षिण कोरियाको संसद्मा ३०० जना सांसदहरू छन्, जसमा राष्ट्रपतिको सतारूढ दलका १०८ सांसद रहँदा विपक्षीका १९० सांसद छन् । सतारूढ दलकै सांसदले मत हालेपछि महाअभियोग प्रस्ताव पारित भएको हो ।

गत साता पनि राष्ट्रपति युनले महाभियोगको सामना गरेका थिए । त्यसबेला महाअभियोग प्रयास असफल भएको थियो । अर्को सातामै उनीविरुद्धको महाअभियोग प्रस्ताव पारित भएको हो ।

दक्षिण कोरियाली राष्ट्रपति आवधिक निर्वाचनमार्फत मुलुकको नेतृत्व गर्न पुगेका थिए । जब आफू अल्पमतमा परे, त्यसपछि सैन्य शासन लगाउने निर्णयमा पुगेर उल्टो बाटो हिँड्न खोजे । त्यसलाई जनताको प्रतिरोधले थेगेन र शनिबार महाअभियोगबाट हटाइएका हुन् ।

महाअभियोग नलागेको भए येओलको ५ वर्षे कार्यकाल सन् २०२७ मा समाप्त हुने थियो । महाअभियोगबाट हट्नुपरेकाले अब उनी कोरियाली कानुनअनुसार पुनः निर्वाचनमा उठ्न पाउने छैनन् । अदालतले महाअभियोग खारेज गर्न सक्ने प्रावधान पनि छ । अदालतले महाअभियोग सदर गरेको खण्डमा भने उनको राजनीतिक जीवन समाप्त हुने छ ।

यसअघि पनि दक्षिण कोरियाका राष्ट्रपति महाअभियोगबाट हटाइएका थिए । येओल तेस्रो पृष्ठ २ मा

## रामकुमारी झाँक्री

# जबर्जस्त चर्चा

त्यसपछि उनले पार्टी नबन्ने सार्वजनिक अभिव्यक्ति दिइन् । पार्टी नेतृत्वको सार्वजनिक रूपमा आलोचना पनि गरिन् । झाँक्रीले पार्टी छाड्न लागेको हल्लासमेत चल्यो

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २९ मंसिर ।

नेकपा (एकीकृत समाजवादी)ले स्थायी कमिटी सदस्यमा १७ नेतालाई मनोनीत गरेको छ । समाजवादीले शुक्रबार स्थायी कमिटी सदस्यमा रामकुमारी झाँक्रीसहित १७ नेता मनोनीत गरेको हो ।

गत असारमा नेकपा (एस)को दसौं महाधिवेशनपछि भदौमा पदाधिकारीका लागि निर्वाचन भएको थियो ।

पदाधिकारी निर्वाचनमा झाँक्री पृष्ठ २ मा



## पराजित थपेर स्थायी कमिटी

पदाधिकारी निर्वाचन भएको ५ महिनापछि पार्टीले महाधिवेशनमा विभिन्न पदमा पराजित नेताहरूलाई थपेर स्थायी कमिटी गठन गरेको छ । स्थायी कमिटीका लागि पार्टीले निर्वाचन नगरी स्वतः चयन गरेको हो । स्थायी कमिटी सदस्यमा १७ नेता मनोनीत भएका हुन् ।

स्थायी कमिटीको सदस्य संख्या ४१ पुऱ्याइएको छ । अध्यक्ष १, उपाध्यक्ष ७, महासचिव १, उपमहासचिव ४, सचिव ७, वरिष्ठ ३ र सम्मानित १ गरेर २४ सदस्यीय पदाधिकारी स्वतः पृष्ठ २ मा

## जिम्मेवारी बाँडफाँटमा विवाद

महाधिवेशन सकिएको ५ महिना बितिसकेको छ । पदाधिकारी चयनमा लामो समय बिताएको एकीकृत समाजवादीले नेताहरूको जिम्मेवारी बाँडफाँट अझै गर्न सकेको छैन । उपाध्यक्षहरू धर्मनाथ शाह, प्रकाश ज्वाला, जगन्नाथ खतिवडा, गंगालाल तुलाधर र भानुभक्त जोशीदेखि उपमहासचिव गरिमा शाह, राजेन्द्र राई, मेटमणि चौधरी र रामकुमार भट्टराईले पनि जिम्मेवारी पाएका छैनन् । पृष्ठ २ मा

## आजको खेल

Siddhartha Bank NPL Nepal Premier League Powered by Ncell

विराटनगर किंग्स VS काठमान्डु गुर्खाज

बिहान ९:०० बजे

पोखरा एभेन्जर्स VS सुदूरपश्चिम रोयल्स

दिउँसो १: ०० बजे

## वैदेशिक रोजगार विशेष

# स्वेच्छिक फिर्ताका लागि मलेसियाका अध्यागमनमा भीड

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ मंसिर ।

मलेसियाका अध्यागमन कार्यालयहरूमा डिसेम्बरयता हजारौं विदेशी नागरिक र कामदारको भीड बढेको छ । आगामी ३१ डिसेम्बरमा समाप्त हुने आप्रवासी स्वदेश फिर्ता कार्यक्रमअन्तर्गत स्वेच्छिक फिर्ताका लागि आवेदन दिन उनीहरू अध्यागमन विभागमा जम्मा हुने गरेका हुन् ।

१ मार्चमा सुरु गरिएको स्वेच्छिक फिर्ताको कार्यक्रमले अध्यागमन अपराध गरेका विदेशी नागरिकहरूलाई कम जरिमाना तिरेर स्वेच्छाले आफ्नो देश फर्कन अनुमति दिने घोषणा गरेको छ । मलेसियाको अध्यागमन ऐनअनुसार ओभरस्टे गरेको कसुरमा सामान्यतया १० हजार रिंगेटसम्म जरिमाना वा ५ वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ ।

तर, मलेसिया सरकारले ३१ डिसेम्बरसम्म ३०० देखि ५०० रिंगेट जरिमाना तिरेर स्वदेश फर्किन पाउने व्यवस्था गरेको छ ।

गत हप्ता मध्यान्ह दैनिकसँगको कुराकानीमा नेपालका लागि मलेसियाली कार्यबाहक राजदूत मोहम्मद फिरदस आजमानले मुख्यतः विदेशी कामदारप्रति उदार भावना राखेर नाम मात्रको जरिमाना रकम तिरेर घर फर्किने सुविधा राखिएको बताएका थिए ।

उनले मलेसिया सरकारले दिएको जरिमाना छुटको रकमबारे ओभरस्टे भई लुकीछिपी बसेका नेपालीसहित अधिकांश विदेशी कामदारलाई जानकारी नहुने भएकाले उनीहरूले त्यसको लाभ लिन नसकी बाध्यताले लामो समय मलेसियामा अवैधानिक रहने गरेको उल्लेख गरे ।

मलेसियाको क्वालालम्पुर अध्यागमन विभागका निर्देशक वान मोहम्मद साउपी वान युसुफले डिसेम्बर पृष्ठ २ मा

## युएईमा रोजगार

कम्पनी: TRANSGUARD GROUP L.L.C. शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०८/२८ चलानी नं.: ६०२२९६७० LT. No.: 315438

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 175 | 25 | स. काममा दक्ष | 1920 | ७०,८२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष ९ र १३ गते (24 & 28 December 2024) मा हुनेछ ।
अन्तर्वार्ता होटल इन्टुरिस्ट, इटहरीमा २०८१ पुष १० गते (25 December 2024) मा हुनेछ ।
अन्तर्वार्ता सिद्धार्थ होटल, बिर्तामोडमा २०८१ पुष ११ गते (26 December 2024) मा हुनेछ ।
अन्तर्वार्ता जनप्रिय थकाली, पोखरामा २०८१ पुष १२ गते (27 December 2024) मा हुनेछ ।

१. पुरुषको हाइट 170 cm र महिलाको हाइट 163 cm हुनुपर्नेछ । २. उमेर २२-३८ बर्ष र SLC Pass भएको हुनुपर्नेछ । ३. अंग्रेजी राम्रोसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ ४. सम्बन्धित काममा कम्तीमा २ बर्षको अनुभव भएको हुनुपर्नेछ । ५. शरीरमा कुनै ट्याटू नभएको हुनुपर्नेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ८६४/०६६/०६७

ब्लू ओसियन ओभरसिज प्रा. लि.
टोखा-१०, सामाखुसी, काठमाडौं, फोन: ०१-४९५१७३२, ४९६५८२६
E-mail: blueocean_o@yahoo.com, www.blueocean.com.np
Mobile: 9801224170 | 9801224179 | 9801224520 | 9851195403 | 9801132374 | 9848034020 | 9841661558 | 9841216869 | 9801224172

# नवीन योजनाका साथ पार्टी काममा जुट्न निर्देशन

**काठमाडौं/मस**–नेकपा एमालेका उपमहासचिव एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले नयाँ ढंगले पार्टीका कामकारबाहीलाई अघि बढाउन नेता तथा कार्यकर्तालाई निर्देशन दिएका छन् ।

एमाले लमजुङ-काठमाडौं सम्पर्क मञ्चले शनिबार काठमाडौंमा आयोजना गरेको विभिन्न ५ वटा पालिका सम्पर्क मञ्चको सम्मेलनलाई सम्बोधन गर्दै उनले संगठन विस्तार तथा जनसरोकारका मुद्दामा केन्द्रित हुन आग्रह गरे ।



‘तपाईंहरूले आजदेखि नै के अठोट गर्नुस् भने हाम्रा पालामा म केही न केही नयाँ काम गर्छु, अर्को पटक नेतृत्व लिने गरी काम गर्नुस्,’ उपमहासचिव गुरुङले भने, ‘इमानदारितापूर्वक र गतिशील भएर काम गर्दा सफलता पाउन सकिन्छ, यतातर्फ ध्यान दिनुहोला ।’ अध्ययनशीलता र लगनशीलताले व्यक्तिलाई सफलतातर्फ उन्मुख गराउने भन्दै उनले अध्ययनका क्रममा प्राप्त ज्ञानलाई व्यवहारमा उतार्न पनि आग्रह गरे । उपमहासचिव गुरुङले पार्टी नेतृत्व र सरकारविरुद्धको घेराबन्दी तोड्ने गरी योजना बनाइनुपर्नेमा जोड दिँदै नेता जत्तिकै कार्यकर्ता पनि सक्रिय हुनुपर्ने बताए । उनले मुख्य जिम्मेवारीमा रहेका नेता तथा कार्यकर्ताले राजनीतिक सक्रियता अझ अभिवृद्धि गर्नुपर्ने आवश्यकता औंल्याए ।

आफ्नो पार्टीले केही समयअघि राजधानीमा आयोजना गरेको जनजागरण सभामा देखिएको सहभागितालाई लिएर सन्तुष्ट हुन नसकिने जनाउँदै उनले विभिन्न सांगठनिक जिम्मेवारीमा रहेकाले थप मेहनत गर्नुपर्ने बताए ।

यस्तै गुरुङले केवल भाषण गर्न जान्ने व्यक्ति नेता नभइ शासन गर्न जान्ने व्यक्ति नेता भएको पनि बताए । उनले नेतृत्वमा पुग्ने व्यक्तिमा व्यवस्थापनको क्षमता, सामाजिकीकरणको क्षमता, बजेट विनियोजनका साथै परिचालनको क्षमता भएमात्र पालिकाहरुमा विकासका कार्य अगाडि बढाउन सक्ने बताए ।

यस्तै उनले एमाले पार्टीभित्र भद्दापन देखिएका कारण पार्टी कमजोर भइरहेको सुनाए । उनले भने, ‘पार्टीका कार्यकर्तामा काम गर्ने शैली छैन । जनतासँग नजिक छैनौं । योजनाबद्ध काम भइरहेको छैन । त्यसै कारणले पार्टी भद्दा भइराछ । समर्थक भएपनि साथ घट्दै गइरहेको छ ।’

उनले नेतृत्व चयन गर्ने बेला नातावाद, कृपावाद असल र सक्षम नेतृत्वकर्ताको छनोटमा हावी भइरहेको समेत बताए । ‘नेतृत्व गर्ने व्यक्ति जनताले मन पराएको हुनुपर्छ । यहाँ त अवसरको लागि नातावाद र कृपावादको खोजी गर्छन् । यस्तो प्रकारको गुटबन्दीको अन्त्य हुनुपर्छ ।’

यसैगरी उनले मन्त्रालयले देशलाई प्रविधिमैत्री बनाउने अभियान चालेको जानकारी दिए । उनले एआइसँग मिलेर हरेक क्षेत्रको कामलाई अनलाइनमार्फत गर्ने व्यवस्था मिलाइने बताए ।

नागरिक एपमार्फत ६२ वटा अनलाइन सेवा दिइने उनले स्पष्ट पारे । ‘नागरिक एपबाटै लाइसेन्स, राहदानी, राष्ट्रिय परिचयपत्रलगायत ६२ वटा सेवा सजिलै लिन सक्ने व्यवस्थामा मन्त्रालय छ’, उनले भने ।

# संविधान कार्यान्वयनमा सरकार प्रतिबद्ध: गृहमन्त्री लेखक



**नवलपरासी/मस**–गृहमन्त्री रमेश लेखकले मुलुकमा शान्ति सुरक्षा स्थापना, भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन कायम र संविधान कार्यान्वयनमा सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरमा शनिबार नेपाल प्रेस युनियनले आयोजना गरेको पत्रकार भेटमा उनले मुलुकमा दिगो विकास, शान्ति, सुशासन तथा समृद्धिका लागि सरकार प्रतिबद्ध रहेको उल्लेख गरे । ‘स्थायी सरकार नहुँदा आर्थिक गतिविधि चलायमान हुन सकेको थिएन, सुशासन कायम भएन, विकास निर्माणका काम पनि द्रुत गतिमा अघि बढ्न नसकेपछि वर्तमान गठबन्धन सरकार गठन भएको हो’, उनले भने । फरक प्रसंगमा उनले प्रधानमन्त्री केपी शर्मा ओलीको हालै सम्पन्न चीन भ्रमण सफल भएको उल्लेख गर्दै छिमेकी मुलुकसँग सुमधुर र सौहार्दपूर्ण सम्बन्ध कायम रहेको बताए ।

# टोखामा करिडोर क्षेत्रका अवैध घरटहरा भत्काइँदै

**सुशान्त न्यौपाने/मध्यान्ह**
काठमाडौं, २९ मंसिर



टोखामा शनिबार २९ औं हप्ताको विष्णुमती सफाई अभियान सम्पन्न भएको छ । टोखा नगरपालिकाले नदी सफाईसँगै विष्णुमती करिडोर निर्माण र सार्वजनिक जग्गा संरक्षणमा जोड दिएको नगरपालिकाले शनिबार टोखा ३ र ६ को सिमानामा पर्ने ग्राण्डी टावर क्षेत्रको विष्णुमती खोला क्षेत्रमा सरसफाई गरेको छ ।

सफाई कार्यक्रममा सामाजिक अभियन्ता, सफाईकर्मीहरु, जनप्रतिनिधि, लायन्स क्लव र नगर प्रहरिको बाक्लो उपस्थिति रहेको थियो । टोखा नगरपालिकाले गत वर्षदेखि सार्वजनिक जग्गा संरक्षणमा जोड दिँदै आएको छ । पहिलो चरणमा विष्णुमती करिडोर क्षेत्रमा रहेका अवैध घर/टहराहरु हटाउने भएको छ । नगरपालिका स्रोतका अनुसार पुस १ गते बिहान ७ बजेबाट ग्राण्डी टावरदेखि बुढानिलकण्ठ क्षेत्रमा पर्ने खोला किनारका घर/टहरा हटाउने जानकारी प्राप्त भएको छ ।

# पत्रकार महासंघ कपिलवस्तुको अध्यक्षमा भुसाल

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २९ मंसिर



नेपाल पत्रकार महासंघ कपिलवस्तु शाखाको अध्यक्षमा डिलाराम भुसाल निर्वाचित भएका छन् । भुसालले ४२ मत प्राप्त गर्दै आफ्नो निकटतम प्रतिस्पर्धी पार्वती पाण्डेलाई (३९ मत)ले पराजित गरेका हुन् । यस्तै उपाध्यक्षमा खगप्रसाद चपाई शर्मा, सचिवमा सनिउल्लाह धोबी, सहसचिवमा कृष्णप्रसाद पौडेल र पिताम्बर घिमिरे (३८-३८ मतसहित बराबरी)सहसचिव (समावेशी) नारद कोहार चयन भएका छन् । यस्तै कोषाध्यक्षमा मोहन बेल्वासे र खुला सदस्यहरूमा अशोक पौडेल, बाबुराम रायमाझी, वासुदेव शर्मा, माधव बेल्वासे महिला सदस्यमा भगवती न्यौपाने चयन भएकी छन् । सदस्य (मधेशी)मा अनिलकुमार माली, सदस्य (अन्य समावेशी)मा शिवकुमार ढाडी, महिला उपाध्यक्षमा दीपा महत, सदस्य (दलित)मा राम प्रकट कोरी, सदस्य (आदिवासी जनजाती)मा सोमकुमारी चौधरी (निर्विरोध) चयन भएकी छन् । नवनिर्वाचित अध्यक्ष भुसालले श्रमजीवी पत्रकारहरूको समस्या समाधान र सञ्चार क्षेत्रमा देखिएका चुनौतीको समाधान गर्न ठोस कदम चाल्ने प्रतिबद्धता जनाएका छन् । निर्वाचन संयोजक सरोज खनालका अनुसार यसपटक कुल ८८ मतदातामध्ये ८१ जनाले मतदान गरेका थिए ।

### स्थानीय तहमा अनियमितता
# धनुषाबाट सबैभन्दा बढी उजुरी



**जनकपुरधाम/मस**–अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय बर्दीवासले मधेश प्रदेशको विभिन्न जिल्लाबाट विगत दुई आर्थिक वर्षमा परेका उजुरीमध्ये छ हजार चार सय ७२ उजुरी फर्छ्योट गरेको जनाएको छ ।

सो कार्यालयबाट प्राप्त प्रतिवेदनका अनुसार सो कार्यालयमा आर्थिक वर्ष २०७९/८० तथा २०८०/८१ मा मधेश प्रदेशको आठ जिल्लाबाट कुल आठ हजार पाँच सय २९ उजुरी दर्ता भएको थियो । जसमध्ये सबैभन्दा बढी धनुषाबाट उजुरी परेको थियो ।

प्राप्त प्रतिवेदनमा उक्त दुई आर्थिक वर्षमा धनुषाबाट एक हजार चार सय २२ उजुरी परेकामा एक हजार ५६ उजुरी फछ्र्योट भएको थियो । त्यसैगरी, दुई वर्षमा बाराबाट एक हजार दुई सय सात उजुरीमध्ये आठ सय ८७, सप्तरीबाट एक हजार एक सय ७० उजुरीमध्ये नौ सय ७१, रौतहटबाट एक हजार ३५ उजुरीमध्ये सात सय ३४, महोत्तरीबाट एक हजार २२ उजुरीमध्ये आठ सय ३४ उजुरी फर्छ्योट भएको जानकारी दिइएको छ ।

त्यस्तैगरी, पर्साबाट नौ सय ५६ उजुरीमध्ये छ सय ९१, सिरहाबाट आठ सय ८१ उजुरीमध्ये छ सय ८७ तथा सर्लाहीबाट आठ सय ३६ उजुरीमध्ये छ सय ४२ उजुरी फछ्र्योट भएको कार्यालयको तथ्यांकमा उल्लेख गरिएको छ ।

उपरोक्त उजुरीमध्ये ८० प्रतिशत उजुरी स्थानीय तहसँग सम्बन्धित रहेको सो कार्यालयले जनाएको छ । सो सम्बन्धित गत असोज महिनामा सो कार्यालयका प्रमुख रामबहादुर कुरूम्वागंले मधेश प्रदेशका प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीसमक्ष आफ्नो कार्यालयको वार्षिक प्रतिवेदनसमेत बुझाएको थियो ।

# चौथो सुनवल महोत्सव सम्पन्न

**युबराज पुन/मध्यान्ह**
सुनवल, नवलपरासी, २९ मंसिर



उद्योग वाणिज्य संघ सुनवलको आयोजनामा संचालित चौथो सुनवल महोत्सव २०८१ समापन भएको छ । उद्योग वाणिज्य संघका अध्यक्ष रमेश कर्मचार्यको अध्यक्षता तथा सुनवल नगरपालिका प्रमुख बिमला अर्यालको प्रमुख आतिथ्यतामा महोत्सव समापन भएको हो ।

समापनलाई सम्बोधन गर्दै नगर प्रमुख बिमला अर्यालले यस महोत्सव पहिला भन्दा भव्य रुपमा सफल भएको बताइन् ।

महोत्सवमा व्यापार, व्यवसाय, उद्यमशिलता, महिला, बालबालिका सबैलाई प्राथमिकता दिएको उनले बताइन् ।

विकासको लागि नगरपालिका निजी क्षेत्रसँग सहकार्य गर्न तयार रहेको भन्दै निजी उद्योगीहरुलाई उद्योग संचालन गर्न उनले आग्रह गरिन् ।

उद्योग वाणिज्य संघले उठाएको ७ र ८ नम्बर वडालाई सिँधा जोड्न सडक निर्माणको लागि नगरपालिकाको पूरा प्रयास रहने उनले जानकारी गराइन् ।

नगर प्रमुख अर्यालले उद्योग वाणिज्य संघले आफ्नो भवन निर्माण गर्ने भएमा पालिकाबाट पुरा सहयोग हुने बताइन् ।

कार्यक्रम समापन गर्दै उद्योग वाणिज्य संघका उपाध्यक्ष तथा आर्थिक समितिका संयोजक लेखनाथ खरेलले महोत्सव सभ्य एवं भव्य रुपमा सम्पन्न गर्न सहयोग गर्ने सबैलाई धन्यवाद व्यक्त गरेका थिए । महोत्सवमा पहिलाको भन्दा बढी स्टलहरु, विभिन्न जातजाति, मगर, गुरुङ, थारुहरुका मौलिकता झल्कने घरहरु, खानाका परिकारहरु साथै स्थानीय उद्योगबाट उत्पादन गरी बिक्री वितरण भएको थियो । महोत्सव मंसिर १२ गतेदेखि २९ गतेसम्म संचालन भएको थियो ।

# ८ वर्षमा पनि बन्न सकेन अस्पताल भवन

**म्याग्दी/मस**– बेनी अस्पतालको भवन निर्माण कार्य आठ वर्षसम्म पनि बन्न सकेको छैन । पाँच वर्षअघि सकिनुपर्ने ५० शय्या क्षमताको भवनको हालसम्मको भौतिक प्रगति करिब ८० प्रतिशत छ । भवन निर्माणमा भएको ढिलासुस्तीका कारण बिरामीको उपचार प्रभावित भएको बेनी अस्पताल व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र सुवेदीले बताए ।

‘पचास शय्या क्षमता भए पनि १५ शय्याको संरचना र पूर्वाधारबाट सेवा दिनुपर्ने बाध्यता छ’, उनले भने, ‘अस्थायी, पुराना र साँघुरा भवनमा अस्पताल सञ्चालन गर्न समस्या भएको छ ।’ म्याग्दीका साथै पर्वत, बागलुङ र मुस्ताङका सर्वसाधारणले सेवा लिने अस्पतालले सात वर्षयता अस्थायी संरचनाबाट सेवा सञ्चालन गर्दै आएको छ ।

सघन सहरी तथा भवन निर्माण आयोजना बागलुङले विसं २०७३ मंसिर २१ गते भवन निर्माणका लागि महादेव खिम्ती-गल्वा-रफिना जेभीसँग रु १८ करोड ८४ लाख आठ हजार ८९ मा ठेक्का सम्झौता गरेको थियो ।

## ऊर्जामन्त्रीको...

छ । स्काउटको तथ्यांकअनुसार खड्काको कम्पनीले २०८१ वैशाखसम्म तिर्नुपर्ने भाडा रकम ६ करोड ६९ लाख पुगेको थियो । सम्झौता समाप्त भएयता खड्काको कम्पनीले १ करोड ५० लाख रकम जम्मा गरेको छ । यस आधारमा उक्त रकम तिर्न बाँकी रहेको हो ।

खड्काको कम्पनीले स्काउटलाई पत्र पठाउँदै साँवा रकम तिर्ने तर जरिमाना भने नबुझाउने अडान लिएको छ । साँवा रकम तिर्ने तर जरिमाना नतिर्ने अडानले पनि खड्कामाथि कतिपयले प्रश्न उठाएका छन् ।

स्काउटका अनुसार खड्काको कम्पनीले चैत मसान्तसम्मको जरिमाना मात्र २ करोड ७८ लाख ६१ हजार ५०० रुपैयाँ तिर्नुपर्ने छ । जरिमानाबाहेक खड्काको कम्पनीले भाडाको साँवा २ करोड ४० लाख ६६ हजार ३५१ रुपैयाँ तिर्नुपर्ने छ ।

खड्काको कम्पनीले जरिमाना तिर्नु नपर्ने दाबी गर्दै काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको छ । नेपाल स्काउटले पनि जरिमानासहित आफूले रकम पाउनुपर्ने दाबी गर्दै जिल्ला अदालतमै रिट दिएको छ । दुवै मुद्दा विचाराधीन छन् ।

## उल्टो...

राष्ट्रपति हुन्, जो महाअभियोगबाट हटाइएका छन् । सन् २००४ मा रोह म्यु-ह्युनले महाअभियोगको सामना गरेका थिए । निर्वाचन कानुनको उल्लंघनको आरोपमा उनले महाअभियोगको सामना गरेका थिए ।

तर, अदालतले २ महिना लगाएर उक्त आरोपलाई उपयुक्त ठानेन र उनलाई पुनःस्थापित गरेको थियो ।

२०१६ डिसेम्बरमा पार्क गुन हेलाई पनि महाअभियोग लाग्यो । एउटा घोटालामा संलग्न रहेको आरोपमा उनलाई महाअभियोग लागेको थियो । तर, ३ महिनामा अदालतले यो फैसला कायम राखेको थियो । यस पटक अदालतले के गर्छ, त्यो कुर्न केही समय लाग्ने स्थानीय संचार माध्यमले लेखेका छन् ।

## जबर्जस्त...

पराजित भइन् । महिला उपाध्यक्षको उम्मेदवार बनेकी झाँक्रीलाई जयन्तीदेवी राईले पराजित गरेकी थिइन् । एमालेबाट विभाजनपछि बनेको नयाँ पार्टीमा झाँक्री सचिव थिइन् । झाँक्री पराजित भएपछि उक्त विषयले निकै चर्चा पाएको थियो ।

झाँक्री पराजित हुनुमा गुट र उपगुट नै कारण रहेको त्यतिबेलै नेताहरूले बताएका थिए । माधव नेपालको ‘एस म्यान’ नबन्दा झाँक्रीले निर्वाचन हार्नुपरेको चर्चा पनि पार्टीभित्र चलेको थियो ।

एमालेको भ्रातृ संगठन अनेरास्ववियुबाट विरासत बोकेर आएकी झाँक्रीले निर्वाचन हार्दा राजनीतिक वृत्तमा बहस भएको थियो ।

एमालेमा रडाको मच्चिँदा माधवकुमार नेपालको साथमा रहेका दोस्रो तहका नेताले विद्रोह गर्ने बेलामा उनको साथ छाडे । पार्टी विभाजनका लागि दस्तावेज तयार गरेर अन्तिम अवस्थामा पुगेका नेताहरू विभाजनको निर्णयबाट पछि हटेका थिए ।

तर, २ भदौ २०७८ मा निर्वाचन आयोग पुग्दा नेपाललाई साथ दिनेमा झाँक्री थिइन् । उनले नेपालको हात समातेर डोहोर्‍याएको फोटो ‘भाइरल’ नै बन्न पुगेको थियो ।

तर, पार्टीको पदाधिकारी छान्दा उनले उपयुक्त जिम्मेवारी पाइनन् । पार्टीमा सचिव बनिन् ।

उनले शहरी विकासमन्त्री बन्ने अवसर पनि पाइन् तर मन्त्रीबाट बाहिरिने क्रममा उनले आँसु नै झार्नुपर्ने अवस्था आयो, पार्टीभित्रको गुट-उपगुटका कारण । पार्टी नेतृत्वले उनलाई मन्त्री छाड्न दबाब दिएको थियो । उनले पद छाड्न नचाहेको आलोचनासमेत खेप्नुपरेको थियो । त्यसपछि उनी पार्टीभित्र निष्क्रिय जस्तै भएकी थिइन् । उनी २०७९ सालको संसदीय निर्वाचनमा पराजित पनि भइन् । त्यसपछि उनले पार्टी नबन्ने सार्वजनिक अभिव्यक्ति दिइन् । पार्टी नेतृत्वको सार्वजनिक रूपमा आलोचना पनि गरिन् । झाँक्रीले पार्टी छाड्न लागेको हल्लासमेत चल्यो ।

तर, १६-२० असारमा भएको पार्टीको महाधिवेशनमा भने उनी सक्रिय भएकी थिइन् । महाधिवेशनबाट नेपाल अध्यक्ष र महासचिवमा घनश्याम भुसाल सर्वसम्मत भए । सम्मानित नेतामा झलनाथ खनालले पनि निरन्तरता पाए । महाधिवेशन हलले ३ नेतालाई सर्वसम्मत गर्दै ९३ सदस्यीय कमिटी घोषणा गरेको थियो । केन्द्रीय कमिटीलाई पूर्णता दिन पार्टीलाई झन्डै १ महिना लागेको थियो । महाधिवेशनको २ महिनापछि पदाधिकारी चयनका निर्वाचन भयो । सर्वसहमतिको प्रयास असफल भएपछि १७ पदाधिकारी र पोलिटब्युरो सदस्यमा निर्वाचन भयो ।

## पराजित...

स्थायी कमिटी सदस्य रहन्छन् । त्यसमा झाँक्री, डा. विजय पौडेल, जीवनराम श्रेष्ठसहित १७ नेतालाई थप गरिएको हो ।

बुधबार बसेको स्थायी कमिटी बैठकले सो निर्णय गरेको उपाध्यक्ष तथा प्रवक्ता जगन्नाथ खतिवडाले जानकारी दिए ।

‘पहिले पदाधिकारी हुनुहुन्थ्यो, उहाँहरूमध्ये कोही अस्ति चुनाव हार्नुभयो । कोही लड्नुभएन । उहाँहरूलाई स्थायी कमिटी सदस्य बनाइएको छ’, खतिवडाले भने । पदाधिकारीमा उनीहरूलाई चयन गरे पनि कार्यविभाजन भएको छैन ।

स्थायी कमिटीमा रामकुमारी झाँक्री, डा. विजय पौडेल, जीवनराम श्रेष्ठ, केशवलाल श्रेष्ठ, हरिप्रसाद पराजुली, नागेन्द्र चौधरी, रामचन्द्र झा, विरोध खतिवडा, कल्याणी खड्का, डा. वंशीधर मिश्र, बलराम बाँस्कोटा, शत्रुधन महतो, श्रीप्रसाद साह, विश्वनाथ प्याकुरेल, साध्यबहादुर भण्डारी, रामचन्द्र यादव र लक्ष्मण पौडेललाई मनोनीत गरिएको हो ।

स्थायी समितिमा चयन भएकामध्ये डा. पौडेल पनि उपाध्यक्षमा पराजित भएका थिए । विरोध खतिवडा पनि उपाध्यक्षमा हारेका थिए । मधेशी उपाध्यक्षमा रामचन्द्र झा हारेका थिए ।

तर, पोलिटब्युरो सदस्यका लागि भएको निर्वाचनमा झाँक्रीसहितका नेताहरू निर्वाचित भएका थिए ।

## जिम्मेवारी...

यस्तै, बलदेव चौधरी, गणेश विक, शेरबहादुर कुँवर, चन्द्रबहादुर शाही, सोमप्रसाद पाण्डे, सावित्रा भुसाल र श्रीनाथ बराललगायतका सचिवलाई पनि जिम्मेवारी दिइएको छैन । यी नेताबीच विभागको नेतृत्व लिन हानथाप चलिरहेको छ ।

त्यसमध्ये संगठन विभागमा महासचिव घनश्याम भुसाल, बरिष्ठ नेता बेदुराम भुसाल र बरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डेले दाबी गरेका छन् ।

कार्यविभाजनमा सकस परेपछि समाधानका लागि अध्यक्ष नेपालले आफ्नै नेतृत्वमा ७ सदस्यीय कार्यदल बनाएका छन् ।

यसबीच सम्मानित नेता खनाललाई विदेश विभाग र प्रमेश हमाललाई स्कुल विभाग दिने सहमति जुटिसकेको छ ।

एकीकृत समाजवादीमा पदाधिकारी संख्या २१ र केन्द्रीय समिति सदस्य संख्या २९९ रहने व्यवस्था छ ।

प्रवक्ता खतिवडाका अनुसार स्थायी कमिटी बैठकमा पार्टीका केन्द्रीय सदस्यहरूको कार्यविभाजनको निर्णय आइतबार हुने छ । खतिवडाका अनुसार बैठकमा आगामी कार्ययोजना र सदस्यहरूको कार्यविभाजनबारे छलफल जारी छ । उनले भने, ‘आगामी कार्ययोजनाका सन्दर्भमा वक्ताहरूले, स्थायी कमिटीका सदस्यहरूले बोल्ने क्रम जारी छ ।’

बैठकमा पार्टीको संगठन, आगामी निर्वाचनमा प्रतिस्पर्धा गर्नका लागि तयारी, पार्टीलाई कसरी सुदृढ बनाउने र समग्र राष्ट्रको हितका लागि पार्टीलाई सशक्त बनाउने विषयमा गहिरो छलफल भएको बताइएको छ ।

बैठक आइतबारसम्म जारी रहने छ र कार्यविभाजनको निर्णय सोही दिन टुंग्याइने प्रवक्ता खतिवडाको भनाइ छ ।

स्थायी कमिटी बैठकमा सदस्यहरूले पार्टीका नीतिको प्रचार गर्ने, पार्टीको सुदृढीकरण गर्ने, आगामी निर्वाचनहरूमा शानदार विजय प्राप्त गर्ने र राजनीतिक तथा भूराजनीतिक चुनौतीहरूको सामना गर्नेलगायतका विषयमा धारणा राखेका खतिवडाले जानकारी दिए । अब अध्यक्ष, वरिष्ठ नेताहरू र महासचिवले धारणा राख्न बाँकी छ ।

## स्वेच्छिक...

पहिलो सातासम्म २७ हजार विदेशी नागरिकले कार्यक्रमअन्तर्गत स्वदेश फर्किन आवेदन दिएका बताए । उनले ओभरस्टे भई स्वदेश फर्किन चाहने आवेदकहरूले आफ्नो अपराधको आधारमा ३०० देखि ५०० रिंगेटका बीचमा जरिमाना तिर्नुपर्ने बताए ।

मलेसियाले उक्त कार्यक्रमबारे भिडियो बनाएर टिकटकलगायतका सामाजिक संजालका माध्यमबाट प्रचारप्रसार गरिरहेको छ । मलेसियाका संचार माध्यमहरूले मलेसियाले विदेशी कामदार आपूर्ति गर्ने स्रोत मुलुकका दूतावासहरूसँग सम्पर्क गरिरहेको भन्दै सम्बन्धित देशका दूतावासहरूले पनि आफ्ना नागरिकलाई परामर्श दिनुपर्ने बताएका छन् ।

मलेसियाली अध्यागमनले कुनै एजेन्ट वा तेस्रो पक्षलाई अध्यागमन विभागका तर्फबाट आवेदनहरू ह्यान्डल गर्न अधिकार नभएको जानकारी दिँदै बिचौलियाको भर नपर्न पनि आग्रह गरेको छ ।

स्वदेश फिर्ता कार्यक्रममा सहभागी भएका १ नेपाली कामदारले २ वर्षभन्दा बढी समय मलेसियामा काम गरेपछि आफू मलेसिया छाड्न आतुर भएको भए पनि राहदानी नवीकरण नहुँदा ओभरस्टे भएको अवस्थामा मलेसिया सरकारको घर फिर्ती कार्यक्रमले हिरासतको डरबिना सुरक्षित घर फर्कन पाएको भन्दै खुसी व्यक्त गरेका छन् ।

मलेसियामा इन्डोनेसियाली, बंगलादेशीपछि नेपाली ठूलो संख्यामा रहेका विदेशी कामदारको समूहमा पर्छन् । तर, इन्डोनेसियाली कामदार ओभरस्टेको समस्यामा रहेको बताइएको छ ।

मलेसियाले कागजातविहीन आप्रवासी कामदारहरूको अवस्था घटाएपछि मात्र नयाँ विदेशी कामदारका बारेमा निर्णय लिन पनि घर फिर्ती कार्यक्रमलाई बढी महत्त्व दिएको त्यहाँका संचार माध्यमहरूले उल्लेख गरेका छन् ।

मलेसियाले हाल सानोसानो संख्यामा प्लान्टेसन क्षेत्रको एप्रुभल दिएको छ । मलेसियाली कार्यबाहक राजदूत आजमानले हालको सानोसानो संख्याको एप्रुभल मलेसियामा विदेशी कामदारको एप्रुभल खुल्दै छ भन्ने जनाउ मात्र भएको टिप्पणी गरे ।

उनले भने, ‘मलेसियाबाट एकै पटक ठूलो संख्यामा कामदारको डिमान्ड नआउन सक्छ । हामी विस्तारै विस्तारै खुलाउने योजनामा छौं ।’

## जसपाको निष्कर्ष

# उपनिर्वाचनको परिणाम सन्तोषजनक तर अपर्याप्त

**काठमाडौं/मस**–जनता समाजवादी पार्टी (जसपा) नेपालले 'जनतासँग जसपा नेपाल, संगठन निर्माण अभियान'लाई आगामी माघ मसान्तसम्म जारी राख्ने निर्णय गरेको छ। पार्टी केन्द्रीय कार्यालय बालकुमारीमा शनिबार कार्यकारिणी समितिको बैठकले संगठन विस्तार अभियान अत्यन्तै प्रभावकारी रहेको निष्कर्ष निकाल्दै यसलाई माघ मसान्तसम्मलाई निरन्तरता दिएको हो। शुक्रबार सुरु भएको बैठक शनिबार सम्पन्न भएको छ।




बैठकले स्थानीय तहको उपनिर्वाचनमा मधेश प्रदेशसहित जसपा नेपालले देशैभरिबाट प्राप्त गरेको जनताको मत परिणाम सन्तोषजनक रहेपनि यो पर्याप्त नरहेकोले संगठन निर्माण एवं विस्तार अभियानलाई अझ प्रभावकारी ढंगले अघि बढाउने निष्कर्ष निकालेको छ।

आगामी संगठनात्मक कार्यदिशाका सम्बन्धमा बैठकले पूर्वपश्चिम राजमार्गमा संगठन निर्माणको लागि विशेष सांगठनीय कार्ययोजना तयार गर्ने निर्णय गरेको छ। महाधिवेशन पछि थप भएका क्रियाशिल सदस्यता विवरण केन्द्रीय कार्यालयले आगामी फाल्गुन १५ गतेभित्र आद्यावधि गर्ने निर्णय गरेको छ। जसपा नेपालको पार्टीको स्थानीय तह र प्रदेश अधिवेशन चैत्र महिनाभित्र सम्पन्न गर्ने समेत निर्णय गरेको छ।

यसका साथै, आगामी वैशाख २५ गतेभित्र सम्पूर्ण प्रदेश तथा राष्ट्रिय समितिहरूको अधिवेशन सम्पन्न गर्ने निर्णय गरेको छ। तर तोकिएको समयभित्र अधिवेशन सम्पन्न गर्न नसक्ने भातृ संगठन स्वत: विघटन हुने समेत निर्णय भएको छ।

# प्रमुख प्रशासकीय अधिकृत घुस बोकेर अख्तियारमा


**काठमाडौं/मस**–भ्रष्टाचार नियन्त्रणका लागि अनेकन निरोधात्मक उपाय अपनाउने अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा नै कुनै सरकारी कर्मचारी घुस रकमसहित पुग्छ भन्ने कुरा आममानिसले पत्याउन मुस्किल नै हुन्छ। आममानिसले मात्रै नभइ स्वयम् आयोगले समेत नपत्याउने घटना शुक्रबार भएको छ।



आयोगले अछामको मेल्लेख गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत एवम् हाल नुवाकोटको किस्पाङ गाउँपालिकामा सोही पदमा कार्यरत धुव्रप्रसाद सापकोटासँग जोडिएको एक मुद्दामा अनुसन्धान गरिरहेको थियो। मेल्लेख गाउँपालिकाको मेसिनरी सामान खरिदसम्बन्धी उजुरीको अनुसन्धानका क्रममा स्थलगत मुचुल्का र आरोपीको बयानसमेत भइसकेको छ। अनुसन्धानको क्रममा रहेको विषयसँग सम्बन्धित कागजात बुझाउन आएको भनी अनुसन्धान अधिकृतलाई कागजातसहितको खाम सापकोटाले बुझाउन खोजेका थिए।

अनुसन्धान अधिकृतले आफैँले खाम खोल्न आग्रह गरेका थिए। सापकोटाले बोकेको हरियो रङ्गको झोलाभित्र रहेको पहँलो खाममा ३१ थान कागजात र अर्को खामभित्र रु एक हजार दरको ९६ वटा र पाँच सय दरको आठ थान गरी रु एक लाख रकम रहेको आयोगले जनाएको छ। अनुसन्धान अधिकृतले यो केको पैसा हो ? भनी प्रश्न गर्दा प्रमुख प्रशासकीय अधिकृत सापकोटाले मुद्दा मिलाइदिन भनी स्वेच्छाले ल्याएको बताएका थिए। सापकोटाले आयोगका अनुसन्धान अधिकृतलाई घुस दिने उद्देश्यले ल्याएको उक्त रकमसहित पक्राउ गरिएको प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए। आयोगको कञ्चनपुर कार्यालयबाट शुक्रबार सापकोटालाई घुस रकमसहित पक्राउ गरिएको हो।

# राष्ट्रिय खोप तालिकामा पाठेघर क्यान्सरविरुद्धको खोप समावेश




**काठमाडौं/मस**–राष्ट्रिय खोप तालिकामा पाठेघर क्यान्सरविरुद्धको खोप 'एचपिभी खोप' समावेश गरिएको छ। एचपिभी खोपले पाठेघरको क्यान्सर रोगबाट बचाउन सहयोग गर्छ। पाठेघरको मुखको क्यान्सरको प्रमुख कारण एचपिभी अर्थात् 'ह्युमन प्यापिलोमा भाइरस'लाई मानिन्छ।

सरकारले जापनिज इन्सेफ्लाइटिस, दादुरा र रुबेला, टाइफाइड, निमोनिया, पोलियो, भ्यागुते रोग, लहरे खोकी, धनुष्टङ्कार, हेपटाइटिस-बी, हेमोफिलस इन्फ्लुएन्जा बी, क्षयरोग गरी ११ वटा रोगविरुद्धको खोप नि:शुल्क दिँदै आएकामा पाठेघरको मुखको क्यान्सरको खोप पनि थपिएको हो।

एघार वटा रोगविरुद्धका खोपहरू शिशु जन्मेको १५ महिनाभित्र पूरा गरिसक्नुपर्छ भने थपिएको एचपिभी खोप कक्षा ६ मा अध्ययनरत छात्रा र विद्यालय नजाने १० वर्षकी किशोरीलाई लगाइनेछ। राष्ट्रिय खोप तालिकामा एचपिभी खोप समावेश गर्न राष्ट्रिय खोप सल्लाहकार समितिले सिफारिस गरिसकेको छ।

परिवार कल्याण महाशाखाअन्तर्गतको बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा. अभियान गौतमले यस वर्षदेखि एचपिभी खोप अभियान चल्ने भएकाले खोप तालिकामा समावेश गरिएको बताए। नेपालबाट पाठेघरको क्यान्सरलाई निवारण गर्ने लक्ष्यका साथ सरकारले पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप अभियान २०८१/८२ सञ्चालन गर्ने निर्णय गरिसकेको छ।

पाठेघरको मुखको क्यान्सरका कारण बढ्दै गरेको अकाल मृत्युको जोखिमबाट जोगाउने उद्देश्यसाथ करिब १७ लाख किशोरीलाई खोप दिन लागिएको छ। माघ २२ गतेदेखि एचपिभी खोप अभियानमार्फत कक्षा ६ देखि १० मा अध्ययनरत किशोरी तथा विद्यालय बाहिर रहेका १०-१४ वर्षकी किशोरीलाई खोप लगाइने भएको छ।

डा गौतमले भने, 'हरेक वर्ष नियमित खोप सेवामार्फत कक्षा ६ तथा विद्यालय बाहिर रहेका १० वर्षे किशोरीलाई खोप दिने लक्ष्य छ। विश्व क्यान्सर दिवसका अवसर पारेर १६ लाख ८८ हजार सात सय ६८ जना किशोरीलाई खोप दिन लागिएको छ। आगाम वर्षदेखि फागुन महिनालाई नियमित एचपिभी खोप सेवा सञ्चालन गर्ने महिना निर्धारण गर्ने सोचेका छौँ। आव २०८२/८३ देखि नियमित एचपिभी खोप सेवा सञ्चालन गरिनेछ।'

नेपालमा प्रत्येक दिन पाठेघरको मुखको क्यान्सरबाट चार जना महिलाको मृत्यु भइरहेको तथ्याङ्क छ। 'ग्लोबल क्यान्सर अब्जरभेटरी २०२२' का अनुसार हरेक वर्ष नेपालमा दुई हजार एक सय ६९ जना महिलाहरूलाई यस्तो क्यान्सर हुन्छ भन्ने अनुमान छ। हरेक वर्ष एक हजार तीन सय १३ जना महिलाको पाठेघरको मुखको क्यान्सरबाट मृत्यु हुने र औसतमा प्रत्येक दिन चार जना महिलाहरुको पाठेघरको मुखबाट मृत्यु हुने अनुमान गरिएको छ।

## कतारमा रहेका बागलुङेहरूको वनभोज तथा भेटघाट



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २९ मंसिर

कतारमा रहेका सामाजिक संस्थाहरूमा सक्रिय संस्था बागलुङ सेवा समाज कतारले गण्डकी प्रदेशभित्रका जिल्ला संस्थाहरूलाई समेट्दै वनभोज तथा भेटघाट कार्यक्रम सम्पन्न गरेको छ। शुक्रबार कतारको वक्रामा अवस्थित समुन्द्री किनारमा विविध सांगीतिक तथा खेलकुद गतिविधि आयोजना गर्दै कार्यक्रम सम्पन्न गरेको हो।

कार्यक्रम गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसीसी) कतारका अध्यक्ष रमेश भट्टको प्रमुख आतिथ्यता तथा समाजका अध्यक्ष नीराजन गौतमको सभाध्यक्षतामा सम्पन्न भएको हो। कतारका लागि नेपाली पर्यटन दूत राजेन्द्र कुमार शर्मासहित गण्डकी प्रदेश समन्वय परिषद् कतारका प्रतिनिधि, जिल्ला अध्यक्ष तथा प्रतिनिधिहरूको विशेष उपस्थितिसहित शुभकामना मन्तव्यसमेत राखेका थिए।

आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि भट्टले वनभोज एक नेपाली संस्कार जस्तै रहेको हुँदा यसले आपसी भाइचारा बढ्ने विश्वास व्यक्त गरे। इतिहासको कालखण्डलाई हेर्दा कुनै समय आफैंले बागलुङ सेवा समाज कतारको नेतृत्व गरेको स्मरण गर्दै भट्टले सामाजिक क्षेत्रमा आफ्ना सफल कदमहरूको श्रेय समाजलाई जाने बताए। करिब दुई दर्जन सहभागीहरूले घैंटो फोड खेलमा सहभागिता जनाए पनि रेबिका बिक र यमुना पटेलले सही निशान लगाएर घैंटो फोडी जनही ५१ कतारी रियाल पुरस्कार प्राप्त गरे। पटेलले कार्यक्रममा आफ्नो नृत्य पेस गरिन् भने समाजका सांस्कृतिक संयोजक बाबु कौसले स्वागत गीत पेस गरे। प्रथम उपाध्यक्ष टेक रसाइलीले मन्तव्यमार्फत कार्यक्रममा उपस्थितलाई स्वागत गरेका थिए। समाजका सचिव सुवास पौडेलले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभाध्यक्ष गौतमले वनभोज तथा भेटघाटले आपसी भावना साटासाट गर्दै पुराना स्मृतिहरू ताजगी गर्ने र भविष्यका योजनाहरूको बारेमा एकजुट भएर अगाडि बढ्न हौसला मिल्ने बताए।

## राष्ट्रिय जनसाँस्कृतिक महासंघ गण्डकीको प्रशिक्षण

**सरोज वि.क./मध्यान्ह**
लमजुङ, २९ मंसिर

नेकपा एमाले सम्वद्ध राष्ट्रिय जनसांस्कृतिक महासंघ गण्डकी प्रदेश कमिटीको बैठक एवं प्रशिक्षण कार्यक्रम लमजुङको दोर्दी गाउँपालिका नौथर सेरामा सम्पन्न भएको छ। जनसांस्कृतिक महासंघ गण्डकी प्रदेश कमिटीका अध्यक्ष सुवास मल्लको अध्यक्षतामा भएको कार्यक्रममा एमाले गण्डकी प्रदेश कमिटीका सदस्य हिरालाल विश्वकर्माको प्रमुख आतिथ्यता रहेको थियो।

कार्यक्रममा प्रमुख अतिथि एवं प्रशिक्षक विश्वकर्माले जनसांस्कृतिक महासंघ र नेकपा एमाले बीचको अन्तरसम्बन्ध, जनसांस्कृतिक महासंघले गर्नुपर्ने काम कर्तव्यहरुको बारेमा सहभागीहरुलाई प्रशिक्षित गरेका थिए। जनसांस्कृतिक महासंघले भाषा, कला, संस्कार,संस्कृति जोगाउन महत्वपूर्ण भूमिका खेल्ने भन्दै यो कमिटीलाई सबै पालिकामा पुऱ्याउनुपर्ने बताए।

जनसांस्कृतिक महासंघले बेला बखतमा कला साहित्यको क्षेत्रमा के कस्तो नीति बनाउने ?, कस्ता कार्यक्रम गर्ने भन्ने सम्बन्धमा सरकारलाई सल्लाह सुझाव दिनुपर्ने बताए। उनले कमिटीमा स्वतन्त्र कलाकारहरुलाई पनि समेट्दै लैजानुपर्ने बताए। राष्ट्रिय जनसांस्कृतिक महासंघ नेपालका केन्द्रीय सदस्य एवं गण्डकी प्रज्ञा प्रतिष्ठनका सदस्य शंकर विरही गुरुङले जनसांस्कृतिक महासंघले जनसांस्कृतिक महासंघले कला संस्कृतिको संरक्षण गर्न गण्डकीमा प्रज्ञा प्रतिष्ठानहरु गठन भएको बताए।

बैठकले यही चैत २ गते पोखरामा तेस्रो अधिवेशन गर्ने निर्णय गरेको छ भने जनसांस्कृतिक महासंघका गण्डकी प्रदेशका अध्यक्ष सुवास मल्लको संयोजकत्वमा १०१ सदस्यीय आयोजक कमिटी गठन गरिएको छ। अधिवेशनलाई व्यवस्थित रुपमा सम्पन्न गर्न विभिन्न उपसमितिहरु गठन गरिएको छ। राष्ट्रिय जनसांस्कृतिक महासंघ गण्डकी प्रदेश कमिटीको आयोजना तथा राष्ट्रिय जनसांस्कृतिक महासंघ लमजुङको व्यवस्थापनमा सञ्चालित प्रशिक्षण कार्यक्रममा जनसांस्कृतिक महासंघ लमजुङका अध्यक्ष बसन्त अधिकारीले स्वागत गरेका थिए। कार्यक्रममा गण्डकी प्रदेशभित्रका जनसांस्कृतिक महासंघको प्रदेश र जिल्ला र पालिका कमिटीमा आबद्ध पदाधिकारी एवं सदस्यहरुको सहभागीता रहेको थियो।

# प्रधानसेनापति सिग्देलद्वारा कवाज निरीक्षण



**काठमाडौं/मस**–भारतको औपचारिक भ्रमणमा रहेका प्रधानसेनापति अशोकराज सिग्देल आज देहरादुनस्थित इण्डियन मिलिटरी एकेडेमीमा तालिमरत अधिकृत क्याडेटको अन्तिम दलले कवाज निरीक्षण गरेका छन्।

सो क्रममा उनले नवनियुक्त अधिकृतलाई दर्ज्यानी चिह्न प्रदान गर्नाका साथै उनीहरूसँग अन्तरक्रिया समेत गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

नेपाली सेनाले विसं २०१० देखि सो एकेडेमीमा आफ्ना अधिकृत क्याडेटलाई तालिममा सहभागी गराउँदै आइरहेको छ। हालसम्म उक्त एकेडेमीबाट दुई सयभन्दा बढी नेपाली सेनाका अधिकृत क्याडेटहरू दीक्षित भइसकेका छन्। १२ देशका अधिकृत क्याडेटहरू तालिमरत उक्त एकेडेमीमा हाल नेपाली सेनाबाट ६ जना अधिकृत क्याडेट तालिमरत रहेका सेनाले जनाएको छ।

## पत्रकार महासंघ सिरहा अध्यक्षमा यादव दोस्रो पटक निर्वाचित

**मनु यादव निरज/मध्यान्ह**
सिरहा, २९ मंसिर

नेपाल पत्रकार महासंघ सिरहा शाखाको अध्यक्षमा मनोज बनैता यादव पुनः निर्वाचित भएका छन्। शुक्रबार सम्पन्न निर्वाचनमा बनैता अन्य २ जना उम्मेदवारलाई पराजित गर्दै निर्वाचित भएका हुन्।

७५ मत रहेको सिरहा शाखामा बनैताले ३३ मत प्राप्त गरी विजयी हुँदा राम बाबु यादवले ३० मत र हिरालाल चौधरीले १२ मत प्राप्त गरेका थिए। त्यसैगरी उपाध्यक्ष पदमा रोयाण्टर मण्डल ३० मत प्राप्त गरी विजयी भएका छन्।



सचिवमा मुकेश यादव २७ मतका साथ निर्वाचित भएका छन्। त्यस्तै कोषाध्यक्षमा ३४ मतका साथ शुभनारायण कामती विजयी हुँदा समावेसी सहसचिवमा २७ मतका साथ धर्मेन्द्र कुमार पासमान, सहसचिवमा ४० मतका साथ एलिना हिमाङ्ग विजयी भए।

# कांग्रेस महामन्त्री शर्माद्वारा हिमाल आरोहण

**काठमाडौं/मस**–कहिले गीत गाउँदै गरेका त कहिले टेलिभिजन कार्यक्रम चलाइरहेका भेटिने नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा यसपटक हिमाल आरोहणमा देखिएका छन्। उनले ६ हजार १ सय ४५ मिटर अग्लो लुबुचे हिमालको आरोहण गरेका छन्।



शर्माले हिमाल आरोहणको आफ्नो सपना पूरा गरेको बताए। महामन्त्री शर्माले हिमालको चुचुरोमा पुग्दाको अनुभव साट्दै भने, 'स्वर्गीय आनन्दको अनुभूति त गरे नै, ग्लोबल वार्मिङका कारण हामीले दोस्रो पुस्तालाई कस्तो हिमाल हस्तान्तरण गर्दैछौं भन्ने चिन्ता पनि मनमा आयो।'

२१ मंसिरमा खुम्बु पदयात्रा सुरु गरेका शर्मासहित ५ जनाको टोली २७ मंसिर राती ११ बजे आधार शिविरबाट शिखरतर्फ उक्लिएको थियो। '२८ मंसिर बिहान ६ बजेर ४५ मिनेटमा पिकमा पुग्यौं,' शर्माले भने।

करिब ४ वर्षअघिदेखि नै हिमाल आरोहणका लागि तयारी गर्दै आएको उनले बताए। उनले हिमाल आरोहणको काम शारीरिक शक्तिभन्दा मानसिक र आत्मविश्वासको कुरा रहेको यस आरोहण यात्राका क्रममा बुझेको बताए। उनले हिमाल आरोहणबाट फर्केपछि जलवायु परिवर्तनले हिमालमा पुऱ्याएको असरबारे नजिकबाट देख्न र बुझ्न पाएको धारणा राखे। संसद् र सम्बन्धित ठाउँमा यस विषयमा कुरा राख्ने उनको अठोट छ।

# सिर्जनशील र आत्मनिर्भरतामा आधारित शिक्षामा प्रधानमन्त्रीको जोड

**काभ्रेपलाञ्चोक/मस**–प्रधानमन्त्री केपी शर्मा ओलीले शिक्षाका माध्यमबाट मुलुक आत्मनिर्भरतातर्फ अगाडि बढ्ने विश्वास व्यक्त गरेका छन्। शनिबार काभ्रेपलाञ्चोकको धुलिखेलस्थित काठमाडौं विश्वविद्यालयको ३०औं दीक्षान्त समारोह (पहिलो चरण) लाई सम्बोधन गर्दै रोजगारी खोज्ने शिक्षा नभई रोजगारी सिर्जना गर्ने आत्मनिर्भरतामा आधारित शिक्षा दिने ढङ्गले सरकार अघि बढ्ने जनाए।




'अब जब दिने शिक्षा दिने हैन, जब सिर्जना गर्ने खालको शिक्षा, आत्मनिर्भर ढङ्गले जब दिने शिक्षातर्फ अघि बढ्छौं, यसका निम्ति केयूलगायतका विश्वविद्यालय नमूनाका रूपमा अघि बढिरहेका छन्', केयूका कुलपतिसमेत रहेका ओलीले भने।

उनले विद्यार्थीलाई पढाईसँगै रोजागरीमा जोड्दै आत्मनिर्भर बनाउन देशका नमुना विश्वविद्यालयसँग सहकार्य र समन्वय गर्दै जाने उल्लेख गरे।

प्रधानमन्त्री ओलीले प्रमाणपत्रले मात्रै दक्ष पनि नहुने भएकाले कस्तो नागरिक हो भन्ने विषय चरित्र र नैतिकताले प्रस्ट्याउने बताए। उनले भने, 'सर्टिफिकेट रोजगारीको एउटा आधार हो, दक्ष नागरिक हुन आचरण, व्यवहार, म्यानर र बोलीचालीले निर्धारण गर्छ।'

प्रधानमन्त्री ओलीले सीप र उत्तरदायित्वबाट विद्यार्थीले देश र नागरिकको पहिचान कायम राख्नुपर्नेमा जोड दिए। 'विद्यार्थीको आचरण, नैतिकता र सोच सकारात्मक हुनुपर्छ', उनले दीक्षित विद्यार्थीतर्फ इंकित गर्दै भने, 'विद्यार्थी मृदुभाषी, नम्र, मानवतावादी, शान्तिप्रिय र म्यानरतावादी हुनुपर्छ, सफलताका लागि अझ परिष्कृति म्यानर मिसाउनुपर्छ।'

विश्वविद्यालय शिक्षाको मन्दिर र ज्ञानको आधार हो भन्दै उनले व्यवहारत: असाधारण सीमामुक्त शिक्षालाई जीवनभर ग्रहण गरिरहनुपर्नेमा जोड दिए।

प्रधानमन्त्री ओलीले धर्तीको २१ प्रतिशत हिमाल 'कालापत्थर' बन्न लागेकोमा दु:खेसो पोख्दै अन्य भूभागसमेत मरुभूमि बन्ने खतरा बढेकोमा चिन्ता व्यक्त गरे।

'अरूका गल्तीले धर्तीका भूभाग मरुभूमि बन्दैछ, यसका लागि हामी वातावरणीय न्यायका लागि लडिरहेका छौँ, काला पत्थरमा परिणत हुँदै गएका हिमालको पुरानो स्वरूपमा ल्याउने विषयप्रति गम्भीर हुँदै जलवायु परिवर्तनका विषयमा पनि ध्यान दिन आवश्यक छ', उनले भने।

उनले पुर्खाले वरपीपल र तुलसी धेरैभन्दा धेरै रोपेर अक्सिजनका लागि 'ब्यालेन्स' मिलाएको उल्लेख गर्दै पारिस्थितिक चक्रलाई नबिगार्न त्यसो गरिएकाले 'क्लाइमेट मेन्टेन' हुनुपर्दछ भन्ने विषयमा आफूले जोड दिँदै आएको सुनाए।

कार्यक्रममा भारतको पटनास्थित इन्डियन इन्स्टिच्यूट अफ टेक्नोलोजीका निर्देशक प्रोफेसर त्रिलोकनाथ सिंहले नेपाल-भारतको इतिहास र भूगोलमा असाधारण सम्बन्ध रहेकाले व्यापार, शिक्षा र अनुसन्धानका क्षेत्रमा भएको पारस्परिक सम्बन्ध र नवप्रवर्तनका क्षेत्रमा दुई देशको साझेदारीले साझा प्रगति र दिगो विकासका मार्ग प्रशस्त गरेको बताए।

उनले भने, 'दुई देशबीचका उदाहरणीय परियोजनाले पनि राष्ट्रबीचको विश्वास र साझेदारीको गहिरो भावनालाई पनि उत्प्रेरित गर्न सक्छ भन्न सकिन्छ।' समारोहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री एवं केयूको सहकुलपति विद्या भट्टराईको उपस्थिति रहेको थियो। शनिबार विश्वविद्यालयका विभिन्न संकायका एक हजार दुई सय ६५ जना विद्यार्थी दीक्षित भएका छन्।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
३० मंसिर २०८१, आइतबार
15 December 2024, Sunday

## सम्पादकीय

# असंभव छ निरंकुश शासन

राष्ट्रपति युन सुक येओलमाथि महाअभियोग पारित भइरहँदा दक्षिण कोरियाको सडकमा देखिएको विशाल जनप्रदर्शनलाई संसारभर रूचिका साथ हेरिएको छ । ती प्रदर्शन राष्ट्रपति युनविरूद्ध दर्ता भएको महाअभियोग पारित हुनुपर्ने पक्षमा भएका थिए । यसअघि महाअभियोग पारित गर्न कोरियाको संसद्मा दुई तिहाइ पुगेको थिएन । त्यसैले शनिबार महाअभियोग प्रस्तावमाथि मतदान भइरहँदा सडकमा हजारौं मानिस उत्रिएर प्रदर्शन गरेका थिए । नभन्दै, महाअभियोग पारित भएको छ । ३०० सदस्यीय संसद्मा २०४ जनाले महाअभियोगको पक्षमा र ८५ जनाले विपक्षमा मतदान गरे । ३ जना अनुपस्थित र ८ मत बदर भयो । महाअभियोग पारित भएसँगै राष्ट्रपति युन निलम्बनमा परेका छन् । अब उनको पदबारे थप निर्णय अदालतको फैसलाबाट हुने छ ।

राष्ट्रपति युनलाई महाअभियोग लगाउनुपर्ने कारण भने उनले केही दिन अगाडि लिएको गलत निर्णय हो । आन्तरिक तथा बाह्य कारण देखाएर राष्ट्रपति युनले सैनिक कानुन 'मार्शल ल' घोषणा गरेका थिए । संसद्मा अल्पमतमा परेको बदला उनले सैनिक कानुन घोषणा गर्ने विकल्पमा पुगेकाले अहिले महाअभियोग सामना गर्नुपरेको छ । यो प्रकरणको निष्कर्षमा उनीविरूद्ध कडा सजायको फैसलासमेत हुन सक्छ । यो प्रकरणलाई विश्वभरका प्रजातन्त्र पक्षधरहरूले जनताको जितका रूपमा प्रचार गरिरहेका छन् । उनीहरू तर्क गर्छन्, 'निरकुंशताको यात्रा सधैं पराजित हुन्छ ।' निरंकुश शासकको पतन हुने क्रम संसारभर चलिरहेको उनीहरूको विश्लेषण छ । कतिपयले सिरियाका शासक बसर अल आसदले देश छाडेको भर्खरैको घटनालाई पनि जनताको जितकै रूपमा अर्थ्याउने गरेका छन् ।

दक्षिण एसियामै पनि यस्तै प्रकृतिका घटना भइरहेका छन् । बंगलादेशमा लामो शासन गरेकी शेख हसिनाले देश छाडेर भाग्नुपरेको छ । त्यहाँ चलेको विद्यार्थी आन्दोलन चर्किएर जाँदा हसिनाले देश छाड्नुपरेको थियो । यस्तै घटना केही वर्ष अगाडि श्रीलंकामा देखिएको थियो । अर्थतन्त्र बिग्रेर जाँदा उत्पन्न परिस्थितिका कारण पूर्वराष्ट्रपति गोटाबाय राजापाक्षेले देश छाड्नुपरेको थियो । यी घटनाहरूले जनताको चाहना र माग बिर्सेर निरंकुश शासन चलाउन संभव नरहेकै तर्कलाई बल पुग्छ । नेपालमै पनि केपी शर्मा ओलीले प्रधानमन्त्रीको हैसियतमा ५ पुस २०७७ र ७ जेठ २०७८ मा गरेको प्रतिनिधिसभा विघटनको निर्णय उल्टिएको थियो । अझ २०६३ सालसम्म पुग्ने हो भने, राजतन्त्रकै अन्त्य भएको थियो । तसर्थ, दक्षिण कोरिया र सिरियाको पछिल्लो उदाहरणले जनताको शासनबाहेक अर्थोक अब संभव नरहेकै पुष्टि हुन्छ ।

## सामाजिक सञ्जाल



**रोशन सिवाकोटी**

संसदीय व्यवस्थामा सार्वजनिक लेखा समितिको सभापति प्रतिपक्षी दलको हुन्छ, यो अन्तर्राष्ट्रिय अभ्यास हो । नेपालमा चैं प्रधानमन्त्री ओलीकै दलको सांसद, त्यो पनि विवादित पात्रलाई बसाइएको छ । लाज, सरम, घीन केही छैन हैन ?



**पुरूषोत्तम दुंगेल**

मानवअधिकार के हो ? यसको व्याख्या कसले गर्ने ? स्वदेशमा मानवअधिकार हननबारे बोल्ने कि विदेशमा भएको हननबारे पनि बोल्ने ? सहकारी ठग, भ्रष्ट, हत्यारा, तस्करहरूले पनि यसबारेमा बोल्न मिल्ने कि नमिल्ने ? यस्ताले बोलेमा मानवअधिकारको उपहास भयो/भएन हेर्ने निकाय फेरि मानवअधिकारवादी नै हुने कि अरू नै ?



**राधाकृष्ण कटवाल**

मजदुरले एक दिन काम नगरे चुल्हो निभ्छ, कर्मचारी गयल भए तलब काटिन्छ तर सांसदहरूले भने महिनौं संसद् बन्द भए पनि तलब पाइरहेका छन् । सबैभन्दा राम्रो पेसाचाहिँ राजनीति नै रहेछ । बैठक बस्दा फेरि भत्ता र यातायात खर्च पनि पाउने, क्या गजब ! तलब काटेर भत्ता मात्रै पाउने व्यवस्था गरे कसो होला ?



**सेतेमान तामाङ**

दुष्ट, भ्रष्ट, तुच्छको प्रवृत्ति आफूलाई समर्थन गरे महान भनी मान्ने गर्छन्, आफूलाई असहयोग गरे नष्ट गर्न अनेक षडचन्त्र गरी आरोप लगाई प्रहार गर्छन् । असल नेतृत्वले आफू सहयोग/असहयोग, समर्थन वा विरोध जेसुकै गरोस्, उसले मतलब राख्दैन । ऊ आफ्नो लक्ष्य प्राप्तिका लागि निरन्तर गन्तव्यमा लाग्छ ।

# विप्रेषणको चक्रबाट खोजिएको मुक्ति

विप्रेषणले नेपालको आर्थिक चक्रलाई तत्काल राहत दिएको छ तर दीर्घकालीन रूपमा यो आत्मनिर्भर अर्थतन्त्रको विकल्प बन्न सक्दैन । दीर्घकालीन योजना, उद्यमशीलता प्रवर्द्धन, शिक्षा प्रणालीमा सुधार र रोजगारमूलक नीति लागू गरेर मात्र नेपाल विप्रेषण निर्भरता घटाउँदै आर्थिक रूपमा आत्मनिर्भर हुन सक्छ ।

अग्रलेख



● सन्दीप पनेरू

> नेपालबाट श्रमिकहरू विदेश जानुको मुख्य कारण रोजगारीको अभाव हो । यदि यसलाईसम्बोधन गर्न सकिएमा युवा शक्ति पलायनलाई रोक्न सकिन्छ, जसले हाम्रै गाउँ ठाउँलाई विकास गर्नमा मद्दत मिल्ने छ ।

विप्रेषण (रेमिटचान्स)ले नेपालको अर्थतन्त्रको सन्दर्भमा महत्त्वपूर्ण भूमिका खेलेको छ । मुलुकको अर्थतन्त्रलाई केलायौं भने अर्थतन्त्रको आधार नै विप्रेषण बनेको छ । यद्यपि, विप्रेषणले केही समयका लागि राहत प्रदान गर्न सक्छ तर यसमा पूर्ण निर्भरता हुनु दीर्घकालीन रूपमा भने हानिकारक हुन सक्छ । दीर्घकालीन निर्भरताले आर्थिक विकासमा चुनौती दिन्छ ।

विप्रेषण विदेशी रोजगारीमा आधारित हुने भएकाले वैदेशिक श्रमिकहरूको जागिर गुमाउने वा कमाइ घट्ने अवस्था आएमा अर्थतन्त्र तत्कालै अप्ठ्यारोमा पर्ने अवस्था हुन सक्छ । विप्रेषणले विदेशी मुद्राको आपूर्ति त सुनिश्चित गर्छ तर यसको अत्यधिक निर्भरता रहेमा कुनै आर्थिक संकट (जस्तै : खाडी देशहरूमा तेलको मूल्य घट्दा) नेपालमा ठूलो प्रभाव पर्न सक्छ । सँगै, श्रम गर्न सक्ने प्रमुख जनशक्ति विदेश जाने प्रवृत्तिका कारण स्वदेशमा कृषि, निर्माण र उद्योग क्षेत्रमा श्रमिकहरूको अभाव हुन्छ ।

उत्पादन क्षेत्रको विकास र लगानी गर्ने सट्टा विप्रेषणले व्यक्तिगत उपभोग बढाउँछ । यसले दीर्घकालीन रूपमा औद्योगिक विकासलाई अवरुद्ध गर्छ ।

रोजगारीका लागि विदेश जानुपर्दा आज धेरै नेपालीका परिवार विखण्डित भएका छन् । बालबालिकाहरू अभिभावकको माया र निर्देशनबाट बञ्चित छन् । आज गाउँ शून्य हुनुका पछाडि वैदेशिक रोजगार हो भन्दा अन्यथा हुँदैन । सँगै, विप्रेषणले समाजलाई पनि विभाजित बनाएको छ ।

अर्कातर्फ विप्रेषण आउने परिवार र नआउने परिवारबीच ठूलो खाडल सिर्जना भएको छ । आय र जीवनस्तरको असमानता गहिरिँदो छ । समाज शास्त्रीय कोणबाट हेर्दा, वैदेशिक रोजगारले हाम्रो समाज निकै भाँडिएको छ ।

आज हाम्रा गाउँघरमा राम्रो उत्पादन हुने खेतबारी बाँझिएका छन् । गाउँमै पनि कृषिजन्य उत्पादन बाह्य बजारबाट आयात गर्नुपर्ने बाध्यता बनेको छ । सँगै, विदेश जाने प्रचलन बढ्दै गएपछि स्वदेशमै व्यवसाय वा उद्योग खोल्ने उत्साह छैन । विशेषगरी साना तथा मझौला उद्योगहरू बन्द भएको अवस्था छ ।

मानिसहरू आफूसँग भएको सीपलाई पनि प्रयोग गरिरहेका छैनन् । समग्रमा हेर्दा, विप्रेषणले उपभोग क्षमता बढाएको छ भने आन्तरिक उत्पादन घटाएको छ, जसले समग्रमा अर्थतन्त्रलाई नै खलबल्याएको छ ।

जब मानिस विप्रेषणको पछि लाग्न थाल्यो, तब मानिसमा नवप्रवर्तन र दीर्घकालीन सोच पनि सेलाउन थाल्यो । विप्रेषणले सजिलै पैसा आउने मनोवृत्ति बढाउँछ, जसले दीर्घकालीन सोच र नवप्रवर्तनलाई हतोत्साहित गर्छ ।




विप्रेषणले तत्काल राहत प्रदान गरे पनि यसमा निर्भरता रहिरहे दीर्घकालीन रूपमा नेपालको अर्थतन्त्र, समाज, र उत्पादन प्रणालीलाई कमजोर बनाउँछ । यसको विकल्पका रूपमा स्वदेशमै रोजगारी सिर्जना गर्ने, उत्पादनमूलक उद्योग प्रवर्द्धन गर्ने र विप्रेषणलाई दीर्घकालीन लगानीमा रूपान्तरण गर्ने रणनीति आवश्यक छ । यदि समयमै यो निर्भरतालाई घटाउन सकिएन भने नेपालले आर्थिक अस्थिरता र विकासको गतिमा ठूलो अवरोध भोग्नुपर्छ ।

विप्रेषणले निम्त्याएको समस्यालाई चर्चा गरिरहँदा यसको चक्रबाट मुक्त हुने उपायहरूमाथि छलफल गरिनु पनि निकै आवश्यक छ । यदि विप्रेषणको यो चक्रबाट मुक्त हुन सकेनौं भने हाम्रो मुलुकको अर्थतन्त्र यही अवस्थामा रहन सक्दैन । हामी जुनसुकै बेला दुर्घटनामा पर्न सक्छौं, जुन दुर्घटना असामान्य प्रकृतिको समेत हुन सक्छ ।

**समाधानका उपाय**

नेपालबाट श्रमिकहरू विदेश जानुको मुख्य कारण रोजगारीको अभाव हो । यदि यसलाई सम्बोधन गर्न सकिएमा युवा शक्ति पलायनलाई रोक्न सकिन्छ, जसले हाम्रै गाउँ ठाउँलाई विकास गर्नमा मद्दत मिल्ने छ ।

यद्यपि, रोजगारी सिर्जनाका लागि तत्कालीन र दीर्घकालीन मोडलमा काम हुनुपर्छ । अहिलेको सन्दर्भमा साना र मझौला उद्योगको विकास गर्नु आवश्यक छ । औद्योगिक क्षेत्रहरू निर्माण गरी उत्पादनमूलक उद्योगहरू स्थापना गर्नुपर्छ । यसले रोजगारी सिर्जना मात्र गर्दैन, निर्यात पनि बढाउँछ । सँगै, कृषिलाई व्यावसायिक बनाउनु र आधुनिक प्रविधिको प्रयोग गरी उत्पादनशीलता बढाउनुपर्छ । कृषिमा आधारित उद्योग स्थापना गरी किसानलाई उत्पादनसँग प्रत्यक्ष जोड्न सकिन्छ । कृषि उत्पादनलाई व्यवस्थित गराउन सकेमा आयात प्रतिस्थापन गर्न त सकिन्छ नै सँगै हाम्रा उत्पादनलाई दिगो मोडलमा पनि विकास गर्न सकिन्छ ।

यसो भनिरहँदा हामीले श्रमिकहरूलाई रोजगारी बजारमा आवश्यक सीप (जस्तै : प्राविधिक सीप, सूचना प्रविधि, निर्माणसम्बन्धी सीप) प्रदान गर्न तालिम कार्यक्रमहरू सुरु गरिनुपर्छ । आज नेपालको सन्दर्भमा दक्ष जनशक्ति नहुनु पनि अर्को समस्या हो ।

हामीले विप्रेषणलाई गणना गरिरहँदा विप्रेषणलाई सही परिचालन गर्ने नीति पनि लिनुपर्छ । जबसम्म हामीले विप्रेषणलाई प्रयोग गर्न सक्दैनौं, तबसम्म हाम्रो अर्थतन्त्रलाई आत्मनिर्भर प्रकृतिको बनाउन सक्दैनौं । आज नेपालमा विद्युत् उत्पादनको ठूलो सम्भावना छ ।

जलविद्युत् उत्पादन गरी ऊर्जा निर्यात गर्न सकिन्छ । यसले ठूलो मात्रामा रोजगारी सिर्जना गर्न सक्छ । साथै, नेपालमा धार्मिक, सांस्कृतिक र साहसिक पर्यटनको ठूलो सम्भावना छ । यस क्षेत्रलाई प्रोत्साहन गरी ग्रामीण क्षेत्रमा पर्यटन व्यवसाय सुरु गर्न सकिन्छ । राज्यले आयोजनाहरूमा विप्रेषण लगानी गर्ने कार्यक्रम बनाउन आवश्यक छ ।

आज विदेशबाट फर्किएका युवाहरू नेपालमा केही गर्न नसकेर फेरि विदेश जाने अवस्था पनि छ । न उनीहरूको मनोविज्ञानलाई परिवर्तन गर्न सकिएको छ, न त उनीहरूको सीपलाई प्रयोग गर्न सकिएको छ । यस्तो सन्दर्भमा विदेशबाट फर्किएका श्रमिकहरूलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराई उनीहरूको अनुभव र पुँजीलाई व्यवसायमा लगानी गर्न उत्प्रेरित गर्ने नीति ल्याउनुपर्छ । राज्यले क्रमबद्ध रूपमा त्यस्ता कार्यक्रम बनाउन आवश्यक देखिन्छ ।

विदेश गएका युवालाई नेपालमै फर्काउने योजनाका लागि सामाजिक सुरक्षा कोष पनि महत्त्वपूर्ण अंश हो, जुन राज्यलाई दीर्घकालीन हिसाबले बलियो बनाउने कार्यक्रम पनि हो । विप्रेषणमा आधारित सामाजिक सुरक्षा कोष स्थापना गरी श्रमिकहरूले जम्मा गरेको रकमलाई दीर्घकालीन परियोजनामा लगानी गर्ने कार्यक्रम बनाउनु अहिलेको आवश्यकता हो ।

**निष्कर्ष**

नेपालमा रोजगारीमूलक शिक्षाको चरम अभाव छ । प्राविधिक र व्यावसायिक शिक्षा प्रणालीलाई प्रवर्द्धन अहिलेको आवश्यकता हो । विद्यार्थीहरूले पढाइ सकेपछि सजिलै रोजगारी पाउने खालका कार्यक्रम ल्याउनुपर्छ । विदेशबाट फर्केका व्यक्तिहरूले प्राविधिक ज्ञान र अनुभवसँगै पुँजी पनि ल्याएका हुन्छन् । उनीहरूलाई स्थानीय क्षेत्रमा रोजगारी सिर्जना गर्ने योजनामा संलग्न गराउनुपर्छ ।

वैदेशिक रोजगारीमा जानेहरूको संख्या घटाउन दीर्घकालीन रणनीतिहरू लागू गर्नुपर्छ । सरकारी निकायहरू सक्रिय भएर वैकल्पिक रोजगारीका अवसरहरू सिर्जना गर्न लाग्नुपर्छ, जसमा सहकारी प्रणालीमार्फत साना किसान र उद्यमीहरूलाई वित्तीय सहायताको पहुँचमा ल्याउन सकिन्छ ।

नेपालमै विदेशी लगानी आकर्षित गरेर रोजगारी सिर्जना गर्न सकिन्छ । विप्रेषणको ठूलो हिस्सा ग्रामीण क्षेत्रमै प्रयोग हुन्छ । तर, यो मुख्यतः व्यक्तिगत खपतमा सीमित छ । यसलाई सुधार गर्न आवश्यक छ ।

सडक, बिजुली र संचारको पहुँच सुधार गरी ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउनुपर्छ । सरकार, गैरसरकारी संस्था, र निजी क्षेत्रबीच सहकार्य गरी स्थानीय स्तरमा रोजगारीमूलक परियोजना संचालन गर्नुपर्छ ।

विप्रेषणले नेपालको आर्थिक चक्रलाई तत्काल राहत दिएको छ तर दीर्घकालीन रूपमा यो आत्मनिर्भर अर्थतन्त्रको विकल्प बन्न सक्दैन । दीर्घकालीन योजना, उद्यमशीलता प्रवर्द्धन, शिक्षा प्रणालीमा सुधार र रोजगारीमूलक नीति लागू गरेर मात्र नेपाल विप्रेषण निर्भरता घटाउँदै आर्थिक रूपमा आत्मनिर्भर हुन सक्छ । यसमा सरकार, निजी क्षेत्र र समाजको सहकार्य अत्यन्त आवश्यक छ ।

## इतिहासमा आज

१५ डिसेम्बर १९९३ मा जेनेभामा गेट (व्यापार एवं तटकरमा आमसहमति) विश्व व्यापार सम्झौतामा १२६ देशले हस्ताक्षर गरेका थिए ।



१५ डिसेम्बर १९७६ मा न्युजिल्यान्डबाट स्वतन्त्र भएको समोआ संयुक्त राष्ट्रसंघको सदस्य बनेको थियो ।



१५ डिसेम्बर १९५० मा भारतका स्वतन्त्रता सेनानी एवं स्वतन्त्र भारतका प्रथम गृहमन्त्री सरदार बल्लभ भाइ पटेलको निधन भएको थियो ।



१५ डिसेम्बर १९९२ मा चर्चित बलिउड चलचित्र निर्माता सत्यजित रेलाई चलचित्र जगत्मा उनको उपलब्धिका लागि स्पेसल ओस्कार दिइएको थियो ।



## मेरो मत

# नेतृत्व जबाफदेही हुनुपर्छ

के देशको राजनीतिको वर्तमान अवस्थामा सुधार गर्न सम्भव छ ? निश्चय पनि, देशको निम्ति यो सबैभन्दा अहं प्रश्न हो । तर, यस प्रश्नमा नेतृत्व तहका कसैले पनि चिन्ता गरेका पाइँदैन । आज हाम्रो मुलुकको जुन दुर्दशाको अवस्था छ, यसका पछाडि आन्तरिकसँगै बाह्य कारण हाबी भएको पाइन्छ । विशेषगरी, आन्तरिक रूपमा भ्रष्टाचार तथा बेतिथिका विषयहरू छन् भने बाह्य रूपमा एनजीओ तथा आईएनजीओ, चर्च र गुप्तचर संस्थाहरूको मुख्य भूमिका भएको पाइन्छ ।

आज लोकतन्त्रमा चरम लुटतन्त्र थोपरिएको छ । त्यसैले राजनीति वा शासन संचालनमा कुनै मूल्य, मान्यताको औचित्य पाइँदैन । मात्र एउटा मान्यताको अवलम्बन भएको पाइन्छ, त्यो हो- विदेशीहरूप्रतिको बफादारिता, जसले हाम्रो देश खोक्रो बन्दै छ । देश थप समस्यामा जाँदै छ । यसो भनिरहँदा, कतै पूर्वाग्रह राखेर भनियो वा अनावश्यक निराशा जगाउने कुरा गरियो कि भन्ने लाग्ला तर यो कुरा साँचो हो । तपाईंले यस कुराको प्रमाणको निम्ति मन्त्री तथा प्रधानमन्त्री भइसकेका नेताहरूको बोलीलाई हेक्का राख्नुभयो भने सबै भेट्नुहुन्छ ।

एउटा सार्वभौम मुलुकका राजनीतिक दलको नेता/कार्यकर्ता, सरकारको मन्त्री/प्रधानमन्त्री, प्रशासक, सुरक्षाकर्मी, न्यायकर्मी, शिक्षक/प्राध्यापकलगायतका जिम्मेवार व्यक्तिहरूको आफ्नो दायित्व र नैतिकता कस्तो छ ? उनीहरूको संस्कार र प्रवृत्ति कस्तो छ ? यो गम्भीर प्रश्न हो ।

आज अमेरिकाले ग्रिन कार्ड प्रशासकजतिलाई दिने हो भने निश्चित छ हाम्रो देश भोलिकै दिन प्रशासकविहीन हुने छ । राजनीतिक दलका नेतालाई ग्रिन कार्ड दिने व्यवस्था गर्ने हो भने भोलि कुनै पनि राजनीतिक दलको कार्यालयमा मान्छे भेटिने छैन । हाम्रो अवस्था यो छ । किन यति धेरै तुच्छ सोचको विकास भयो ? किन यति धेरै अराजकताको विकास भयो ? आजको समस्या यहीँ छ र समाधानको विकल्प पनि यहीँ छ ।

**▸ खगेन्द्र पौडेल, पोखरा**

# निराशालाई सम्बोधन गर्नुपर्छ

नेपालका युवापुस्तामा राजनीतिप्रतिको निराशा एक जटिल र चासोको विषय बनेको छ । यो निराशाका मुख्य कारणहरूमा भ्रष्टाचार, दलगत स्वार्थ, कमजोर नेतृत्व र दीर्घकालीन विकासका कार्यक्रमहरूको अभाव पर्छन् । नेपालको राजनीतिक परिदृश्यमा युवाले आफूलाई प्रतिनिधित्वविहीन महसुस गरिरहेका छन् । पुराना पुस्ताको हाबी र परम्परागत सोचले नयाँ विचार र नवप्रवर्तनकारी सोचलाई दबाइरहेको अनुभव हुन्छ । युवाको आकांक्षा सुन्दा मात्र भोट बैंकका रूपमा उपयोग हुने तर व्यवहारमा परिवर्तनको प्रयास नगर्ने प्रवृत्तिले निराशा झनै गहिरो बनाएको छ ।

यो निराशाले देशमा 'ब्रेन ड्रेन'को समस्या बढाएको छ । विदेशमा रोजगारी खोज्न जाने युवा मात्र होइन, उच्च शिक्षाका लागि विदेश जानेहरू पनि देश फर्किन इच्छुक देखिँदैनन् । यसले नेपालमा दक्ष जनशक्तिको अभाव सिर्जना गरेको छ । तर, यस निराशाका बाबजुद, केही सकारात्मक पक्ष पनि देखिन्छन् । सामाजिक संजाल र डिजिटल मिडियाको प्रयोगले युवाले आफ्ना आवाज उठाउने र आन्दोलन गर्ने नयाँ प्लेटफर्म पाएका छन् । यदि राजनीतिमा पारदर्शिता, जबाफदेहिता र युवाको वास्तविक सहभागिता सुनिश्चित गरियो भने वर्तमान निराशालाई अवसरमा बदल्न सकिन्छ । यद्यपि, यसमा वर्तमान राजनीतिक नेतृत्व सचेत छैन ।

तर, सोचनीय विषय के छ भने, यदि युवाहरूमा रहेको निराशालाई हटाउन सकिएन भने मुलुकले अर्को समस्या झेल्नुपर्ने हुन्छ । मुलुक युवाविहीन हुने परिस्थिति मात्र हुँदै अराजकताको चरम भुमरीमा फस्ने अवस्था पनि हुन सक्छ, जसका निम्ति वर्तमान नेतृत्वले समयै सोचोस् र युवाहरूमा पलाएको निराशालाई सम्बोधन गरोस् ।

**▸ चिन्तामणि शर्मा, काठमाडौं**

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । – सं.

# सुशासन र पारदर्शिताका लागि पत्रकारिताको भूमिका महत्त्वपूर्णः मुख्यमन्त्री आचार्य

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २९ मंसिर



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सुशासन र पारदर्शीता कायम गर्न पत्रकारिता क्षेत्रको महत्वपूर्ण भूमिका रहेको बताएका छन्। नेपाल पत्रकार महासंघ अर्घाखाँचीमा नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई प्रमाणपत्र हस्तान्तरण कार्यक्रमलाई सन्धिखर्कमा सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले भ्रष्टाचार अन्त्यका लागि सुशासन र जवाफदेहिता कायम गर्न पत्रकारिता क्षेत्रको महत्वपूर्ण भूमिका रहेको बताएका हुन्।

व्यवसायिक पत्रकारिता अहिलेको आवश्यकता रहेको चर्चा गर्दै मुख्यमन्त्री आचार्यले पत्रकारिता क्षेत्रमा देखा परेका विकृति र विसंगती अन्त्यका लागि पनि ध्यान दिन आग्रह गरे।

'स्वच्छ, स्वस्थ र व्यवसाहिक पत्रकारिता अहिलेको आवश्यकता हो। यही मर्मलाई जोड दिएर समाजमा रहेका परिघटनाहरुलाई बाहिर ल्याउन यहाँहरुको महत्वपूर्ण योगदान छ' मुख्यमन्त्री आचार्यले भने,'सरकारका कमिकमजोरी छन् भने पनि त्यसलाई बाहिर ल्याएर सरकारलाई समेत सजग र सतर्क बनाउन यहाँहरुले भूमिका खेल्नुहुनेछ। मैले विश्वास लिएको छु।'

भ्रष्टाचार अन्त्यका लागि पारदर्शीता गर्न र गराउन पत्रकारिता जगतको महत्वपूर्ण भूमिका रहने र त्यो भूमिकालाई अझ सशक्त रुपमा निर्वाह गर्न उनले आग्रह गरे। पत्रकार महासंघ अर्घाखाँचीमा गणेश खनालको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित भएको छ। जसको उपाध्यक्षमा रुद्रमणी भुसाल, अम्बिका बेल्वासे, सचिवमा लक्ष्मण घिमिरे, सहसचिवमा घनश्याम पौडेल, बसन्त श्रेष्ठ, कोषाध्यक्षमा नवीन केसी, सदस्यहरुमामा सागर महत, बिष्णु खनाल, कमला आचार्य, अमृत श्रेष्ठ नारायण पोखेल, डाक्टर नवीन पन्थी र केन्द्रीय परिषद सदस्यमा मुक्तिनाथ भुसाल, भगबता पाण्डे, प्रदेश परिषद सदस्यमा नेत्र मरासिनी, मधुकुमार श्रेष्ठ, अनिल नेपाली बिष्णु कुमार आले निर्वाचित भएका छन्।

निर्वाचित अध्यक्ष लगायत पदाधिकारी सदस्यहरुलाई प्रमाणपत्र वितरण गर्दै मुख्यमन्त्री आचार्यले निर्वाचित पदाधिकारी, कार्यसमिति सदस्य, राष्ट्रिय परिषद सदस्य, प्रदेश परिषद सदस्यहरुलाई बधाई तथा शुभकामना ज्ञापन गरेका थिए। कार्यक्रम बिष्णु भुसालको अध्यक्षतामा भएको थियो।

# गोपाल नीना फाउन्डेसनमा ५१ जनाले गरे रक्तदान



**नेपालगन्ज/मस**–गोपाल-नीना फाउण्डेशन, नेपालगन्ज र जनमत अर्द्धसाप्ताहिकद्वारा 'बृहत् रक्तदान कार्यक्रम' सम्पन्न गरेको छ। बाँके जिल्लामा अहिले रगतको अभाव भइरहेको अवस्थालाई मध्येनजर गर्दै 'रक्तदान गरौं : जीवन उपहार दिउँ' भन्ने नाराका साथ जनमत रक्तदान अभियानको ६३ औं श्रृंखलामा सम्पन्न उक्त कार्यक्रम पाँच जना महिलासहित ५१ जनाले रक्तदान गरेको गोपाल-नीना फाउण्डेशनका सहनिर्देशक डा.तृप्ती पाल रमणले जानकारी दिइन्।

फाउण्डेसनका संस्थापक अध्यक्ष डा.गौरव श्रेष्ठ र वरिष्ठ चिकित्सक डा.विनोद कुमार थापाले नेरेसो, प्रादेशिक रक्त सञ्चार केन्द्रका प्रमुख उपेन्द्र रेग्मी र प्राविधिकलाई रगत संकलन गर्ने पाकेट हस्तारण गरी शुभारम्भ गरिएको उक्त रक्तदानका कार्यक्रममा सहभागी हुने रक्तदाताहरुमध्ये स्वयम्सेवी नियमित रक्तदाता, स्वास्थ्यकर्मी, चिकित्सक, पत्रकार, औषधी वितरक प्रतिनिधि लगायत थिए।

गोपाल-नीना फाउण्डेशन, नेपालगन्जको कार्यालय स्थानीय गणेशमान चोकमा आयोजित उक्त रक्तदान कार्यक्रममा फाउण्डेसनका संस्थापक अध्यक्ष डा. गौरव श्रेष्ठ, राप्ती सोनारी गाउँपालिका वडा नं. ६ का अध्यक्ष लवराज खरेल, नेपालगन्ज एकीकृत भन्सार कार्यालयका प्रमुख करुणा चौधरी, नेपालगन्ज उपमहानगरपालिका वाडा नं. १० का स्वास्थ्य शाखा प्रमुख भागीराम चौधरी, नेपालगन्ज साइकल क्लवका अध्यक्ष समाजसेवी प्रदीप सापकोटा, अन्नपूर्ण पोष्ट दैनिकका सहसम्पादक शंकर प्रसाद खनाल, नियमित रक्तदाताहरु निरजमान श्रेष्ठ, खम्ब प्रसाद पुन, लक्ष्मण कुमार वैश्य, पवन कुमार वैश्य, विनोद कुमार वैश्य, साहित्यकार अस्फाक संघर्ष, प्रहलाद विश्वकर्मा, मधु बोगटीले रक्तदान गरेका थिए।

यस्तै खजुरा क्यान्सर अस्पतालका डा. प्रभात बस्नेत, स्वास्थ्यकर्मीहरु टिकाराम खनाल, धर्मेन्द्र सिंह, दिनेश कुमार वर्मा, निखिल जायसवाल, अनुप आर्य, अनुप सुवेदी, सुवोध जोशी, निगम साहनी, नेपाल स्वयंसेवी रक्तदाता समाज राप्ती सोनारी उपशाखाकी उपाध्यक्ष अमृता केसी, रुस्तम अली दर्जी, सविता चौधरी, वीरेन्द्र प्रसाद शाह, जंगली प्रसाद कोरी (जेवि), नेरेसोका प्राविधिकद्वय होमराज गिरि र सुनिल रत्गैया, रुपईडिहाका मेहवूद अहमद, राजेन्द्र डगौरा, मोहम्मद चाँद इद्रीसी, अमरेश कुमार कर्ण, कुशुम दुगड, रोहित चौधरी, प्रकाश चौधरी, टिका गुरुङ, प्रिन्स चौधरी, जानकी -५ का पूर्व वडा अध्यक्ष रमेश कुमार वर्मा, धर्मेन्द्र कुमार वर्मा, राजित राम अहिर, गौतम प्रसाद पौडेल, मुद्रण व्यवसायी ज्योतिलाल भण्डारी, रोसन गहतराज, रक्तदान गरेका थिए।

सो अवसरमा फाउण्डेसनका संस्थापक अध्यक्ष डा. गौरव श्रेष्ठ र फाउण्डेशनका सहनिर्देशक डा. तृप्ती पाल रमणले प्राविधिक सहयोग गर्ने प्रादेशिक रक्त सञ्चार केन्द्र नेपालगन्ज, समन्वयकारी भूमिका निर्वाह गर्ने हेल्थ याद आयो, नेरेसो प्रादेशिक रक्त सञ्चार केन्द्र नेपालगन्ज तथा रक्तदाताहरुलाई प्रशंसा पत्र र टिसर्ट प्रदान गरेका थिए।

सो रक्तदान कार्यक्रममा डा.विनोद कुमार थापा, जनमत अर्द्ध साप्ताहिक पत्रिकाका सम्पादक पूर्णलाल चुके, जिल्ला हुलाक कार्यालय बाँकेका प्रमुख गोविन्द प्रसाद पाण्डे, दैनिक नेपालगन्जका प्रधानसम्पादक झलक गैरे, नेपाल स्वयंसेवी रक्तदाता समाज बाँकेका उपाध्यक्ष मान बहादुर केसी निशान, सल्लाहकार तथा शतक रक्तदाता पवन जायसवाल, कोषाध्यक्ष मनमोहन वर्मा, नेपालगन्ज म्याराधानका संस्थापक टि.एस. ठकुरी, लगायत करीब एक सय जनाको सहभागिता रहेको थियो।

कार्यक्रममा प्रादेशिक रक्त सञ्चार केन्द्र नेपालगन्जका प्रमुख उपेन्द्र रेग्मी, सोम प्रकाश सापकोटा, होमराज गिरी, हिमाँशु मौर्या, महेश राना क्षेत्री, अवेश रावत, उब्जना कार्की, केशर सिंह डाँगी, वीरेन्द्र योगीले प्राविधिक सहयोग गरेका थिए।

त्यसैगरी फाउण्डेसनका लोकनाथ शर्मा, प्रतिभा पौडेल, पुष्पा भुसाल, युवराज सिंह, सवनम बुढा, करुणा ओली, रोसनी राना मगर, किरण गुरुङ लगायतका स्वयम्सेवीहरुले सक्रिय सहयोग गरेका थिए। उक्त कार्यक्रमका लागि विगत १९ वर्षदेखि निरन्तर त्रैमासिक रुपमा रक्तदान कार्यक्रम गर्दै आएको जनमत अर्द्ध साप्ताहिक, अन्नपूर्ण ग्याष्ट्रो केयर अस्पताल, नेपाल स्वयम्सेवी रक्तदाता समाज, बाँके, हेल्थ याद आयो (मोवाइल हेल्थ एप)ले समन्वय र सहकार्य गरेको फाउण्डेसनका अधिकृत विपुल वर्माले जानकारी दिए।

# दुर्घटनामा देशभर १० जनाको मृत्यु

**काठमाडौं/मस**–देशका विभिन्न स्थानमा भएका दुर्घटनामा दश जनाको मृत्यु भएको छ।

प्रहरीको केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार मोरङको बेलबारी नगरपालिका-४, बेतनास्थित सडकमा को.१ ज ३३९९ नम्बरको म्याजिक भ्यानको ठक्करबाट ६५ वर्षीय लक्षुराम राईको मृत्यु भएको हो।

ठक्करबाट गम्भीर घाइते भएका राईको उपचारको क्रममा कोशी अस्पताल, विराटनगरमा मृत्यु भएको हो। साथै, घाइते एक जना पैदलयात्रीलाई आर्या न्यूरो अस्पताल, विराटनगर रिफर गरिएको छ। म्याजिक भ्यान चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

गुल्मीको मुसिकोट नगरपालिका-४, दजाकोटस्थित सडकमा सुदूरपश्चिम प्रदेश.१-००१ ज १३८५ नम्बरको फोर्स गाडी अनियन्त्रित भइ सडकबाट करिब ३ सय मिटर तल खसेर दुर्घटना हुँदा ४५ वर्षीय रविन कुमार श्रीसको मृत्यु भएको छ।

गाडीमा सवार रहेका ५ जनामध्ये ३ जनालाई लुम्बिनी मेडिकल कलेज, पाल्पा र २ जनालाई बुटवल प्रालि अस्पताल, बुटवल रिफर गरिएको छ। दुर्घटनामा गम्भीर घाइते भएका श्रीसको जिल्ला अस्पताल तम्घासमा उपचारका क्रममा मृत्यु भएको हो।

रूपन्देहीको बुटवल उपमहानगरपालिका-५, तिनाउ पुलस्थित सडकमा लु.३ च २४८० नम्बरको बोलेरो जिप अनियन्त्रित भइ दुर्घटना हुँदा चालक ३२ वर्षीय हरी न्यौपाने, जिपमा सवार ७१ वर्षीय तिलक राम खनाल र ६७ वर्षीया गोरी खनालको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका सबैको उपचारका क्रममा लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

बागलुङको गलकोट नगरपालिका-३, भैसेको पुलस्थित सडकमा ध.१ त १९२ नम्बरको ट्याक्टर अनियन्त्रित भइ दुर्घटना हुँदा चालक २४ वर्षीय टेक बहादुर विकको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको नगर अस्पताल, गलकोटमा उपचारको क्रममा मृत्यु भएको हो।

सिन्धुलीको दुधौली नगरपालिका-१, कुर्थौलीस्थित सडकमा हाल नम्बर नखुलेको मोटरसाइकलको ठक्करबाट ३ वर्षीय आयुष माझीको मृत्यु भएको हो। दुर्घटनामा गम्भीर घाइते भएका आयुषको केएमसी अस्पताल, सिनामंगल काठमाडौंमा उपचारको क्रममा मृत्यु भएको हो। मोटरसाइकल चालक हाल फरार रहेको र प्रहरीले उनको खोजी गरिरहेको छ।

रामेछापको खाडाँदेवी गाउँपालिका-६, माकादुमस्थित सडकमा ना.६ त ७८२४ नम्बरको ट्याक्टर अनियन्त्रित भइ सडकबाट २ सय मिटर तल खसेर दुर्घटना हुँदा चालक ३७ वर्षीय खिल बहादुर भुजेलको मृत्यु भएको हो। दुर्घटनामा गम्भीर घाइते भएका उनको मन्थलीस्थित अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। त्यस्तै, नवलपरासी पश्चिमको सुनवल नगरपालिका-९ स्वाठी बस्ने २३ वर्षीय प्रदिप चौधरीको करेन्ट लागेर शुक्रबार मृत्यु भएको छ। सोही नगरपालिका-१२ त्रिनेत्र टोलस्थित बिजुलीको पोलमा स्मार्ट वाइफाइको तार मर्मत गर्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल परासीमा उपचारको क्रममा मृत्यु भएको हो।

धनुषाको कमला नगरपालिका-७ हथमुण्डास्थित कमला खोलामा डुबेर सोही ठाउँ बस्ने ३५ वर्षीय राम कुमार महतोको शनिबार मृत्यु भएको छ। दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# बेत्रावती सन्धिस्थलको संरक्षण गरिँदै



**नुवाकोट/मस**–नुवाकोटको ऐतिहासिक बेत्रावती सन्धिस्थलको संरक्षण सुरु गरिएको छ। विदुर नगरपालिकाले यो योजना सञ्चालन गरेको हो। विदुर-१० स्थित त्रिशूली नदी तथा पासाङल्हामु मार्गको त्रिशूली-धुन्चे सडकखण्डको बीचमा रहेको 'बेत्रावती सन्धि' भएको स्थानको संरक्षण सुरु गरिएको हो। नेपाल-तिब्बत युद्धका क्रममा नेपाली पक्ष विजयी भएपश्चात् दुई देशबीच 'बेत्रावती सन्धि' भएको स्थानको ऐतिहासिक ढुंगाको संरक्षणका लागि विदुर नगरपालिका कार्यालयले सक्रियता देखाएको हो।

ऐतिहासिक तथा पुरातात्विक संरचनाको संरक्षण गर्ने क्रममा विदुर-१० स्थित बेत्रावती सन्धि भएको दुई ढुङ्गाको संरक्षण, व्यवस्थापन, पुरातात्विक स्वरूपमा निर्माण, युद्धको नेतृत्व गर्ने वीर गोर्खालीको साालिक स्थापना गरिने योजना रहेको छ। जनप्रतिनिधि, सुरक्षाकर्मी तथा सरोकारवालाले स्थलगत रूपमा अवलोकन गरेका छन्।

बेत्रावति सन्धिस्थलमा युद्धका सामग्रीसहितको स्मारक स्थापनाको लक्ष्यसहित उक्त ऐतिहासिक स्थानको संरक्षण गर्न सुरु गरिएको विदुर नपाका मेयर राजन श्रेष्ठले जानकारी दिए। त्यसका लागि चालु आर्थिक वर्षमा कुल १८ लाख रुपैयाँ बजेट विनियोजन गरिएकाले नगरबाट कार्य सुरु गरिएको मेयर श्रेष्ठको भनाइ छ।

'विनियोजित बजेटको काम सुरू गर्न प्राविधिक टोली र नेपाली सेनाबाट स्थलगत अवलोकन एवं निरीक्षण भइसकेको छ,' मेयर श्रेष्ठले अगाडि भने, 'ऐतिहासिक दुई ढुङ्गा रहेको ठाउँ र आसपासका सरकारी जग्गाको लगत लिने र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) को निर्माण नगरपालिकामार्फत भइरहेको छ।'

नेपाली सेनाबाट युद्ध संरचना स्थापनाको अध्ययन भइरहेको छ। विदुर नपाले आन्तरिक स्रोतबाट तयार गरिने डिपिआरले मार्गनिर्देश गरेअनुसार विनियोजित बजेटबाट सेनासँगको सहकार्यमा कार्य प्रारम्भ गरिने योजना बनाएको छ। १८४९ सालमा भएको सन्धिपश्चात् उक्त स्थान हाल अलपत्र र जीर्ण रहेको विदुर १० का वडाध्यक्ष गणेशकुमार नेपालको भनाइ छ। सन्धिस्थल संरक्षणका लागि विदुर नपा र नेपाली सेनाबाट प्रारम्भ भएको कार्यलाई माथिल्लो निकाय (पुरातत्व विभाग तथा बागमती प्रदेश र सङ्घीय सरकार) बाट आर्थिक र प्राविधिक सहयोग प्राप्त हुने प्रतिबद्धता रहेको पनि मेयर श्रेष्ठको भनाइ छ। गत १८४९ सालमा भएको नेपाल-भोट युद्धमा नेपाली पक्ष विजयी भएसँगै नुवाकोटको बेत्रावतीमा सन्धि भएको थियो।

# स्पोर्ट्स सुज र बेल्ट बरामद

**झापा/मस**–भद्रपुर नाकाबाट भन्सार छलेर स्पोर्टस् सुज र छालाको बेल्ट भित्रयाउने भारतीय नम्बर प्लेट भएको सुजुकी कारलाई सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ। सीमामा तैनाथ दुवै देशका सुरक्षाकर्मीले चेकजाँच गरी छाडेका कारभित्रबाट विशेष सूचनाको आधारमा ६० जोर फुटबल सुज, ४० थान छालाको बेल्ट र लाइटर बरामद गरिएको छ।

डब्लुबी ५२ जी ९४१८ नम्बरको भारतीय सुजुकी कार भद्रपुर-५ स्थित मेची पुलबाट नेपाल प्रवेश गरेका थिए। सो कारलाई नाकामै रोकेर चेकजाँच गरिएको थियो। तर, कारभित्र केही नदेखेपछि सुरक्षाकर्मीले नेपाल प्रवेश गर्न अनुमति दिएका थिए। सो कारभित्र सरसामान ल्याएको भनी सशस्त्रलाई तत्काले सूचना प्राप्त भयो। सशस्त्रले भद्रपुर भन्सार कार्यालय अगाडि सुजुकी कारलाई रोक्ने सङ्केत गर्दा नरोकी भाग्ने क्रममा उक्त कारलाई पन्छ्याउँदै भद्रपुर-८ स्थित हडिया चिया बगानमा कार छाडेर चालक फरार भएका थिए। त्यसपछि सशस्त्र प्रहरी बल, नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म भद्रपुरले कारलाई नियन्त्रणमा लिएर चेकजाँच गर्दा कारको ब्याक लाइटभित्र छुट्टै बनाइएको बक्सबाट स्पोर्टस् सुज, बेल्ट र लाइटर बरामद गरिएको सशस्त्र प्रहरी बल, नेपाल नं २ गण हेडक्वाटर झापाका डीएसपी मदनकुमार रसाइलीले जानकारी दिए। सामान र कार कसको भनी खुलेको छैन। चालक फरार भएकोले त्यस बारेमा अनुसन्धान भइरहेको डीएसपी रसाइलीले बताए। नियन्त्रणमा लिएको कारसहित सामानलाई ११ लाख ७१ हजार १ सय रुपैयाँ मूल्याङ्कन तोकेर आवश्यक कारबाहीका लागि मेची भन्सार कार्यालय काँकडभिट्टामा बुझाइसकेको डीएसपी रसाइलीले बताए। गत भदौ २३ गते मेचीनगरको काँकडभिट्टा नाकाबाट प्रवेश गरेको डब्लुबी ७४ एन ६८७८, डब्लुबी ७४ पी ७७९९ र डब्लुबी ७४ एन ८५६२ नम्बरको भारतीय कारसहित तीन जनालाई चालकलाई अवैध सामानसहित नियन्त्रणमा लिएको थियो। तीन वटै कारले ब्याक लाइट हुने ठाउँमा बक्स बनाएर त्यहाँभित्र लत्ताकपडा राखी भन्सार छलेर नेपाल भित्राउने खोजेका थिए। प्रहरीले ती कारहरूभित्र लुकाइछिपाई ल्याएको अन्दाजी ३ लाख ९९ हजार एक सय रुपैयाँ बराबरको पुरुष ट्राउजर ११० पिस, लेडिज ट्राउजर ४२ पिस, रुमाल १२५० पिस, लेडिज सर्ट २२ पिस, कुर्था ३२ पिस, भेष्ट ५३ पिस , लेडिज ब्रा ५२८ पिस, लेडिज भेष्ट १८ पिस, कुर्थी १० पिस र लेडिज सर्ट १७ पिस फेला परेको थियो।

# काठमाडौं महानगरद्वारा १० स्रष्टा सम्मानित

**काठमाडौं/मस**–काठमाडौं महानगरपालिकाले ३० औं वार्षिकोत्सवको अवसरमा १० जना स्रष्टालाई जनही एक लाख ५० हजार रूपैयाँ सहित सम्मान गरेको छ। कामपाद्वारा शनिबार आयोजित कार्यक्रममा उपराष्ट्रपति रामसहायप्रसाद यादव, महानगर प्रमुख बालेन्द्र शाह, उपप्रमुख सुनीता डंगोलगायतको सहभागितामा चित्रकार किरण मानन्धरसहित १० जनालाई नगतसहित सम्मान गरिएको हो। लोकगायन क्षेत्रबाट कुमार बस्नेत, चित्रकला क्षेत्रबाट किरण मानन्धर, स्वास्थ्य क्षेत्रबाट डा. अरुण सायमी, राजनीति र समाज सेवातर्फबाट कामपाका पूर्वप्रमुख पिएल सिंह, कलाकारिताअन्तर्गत चलचित्र क्षेत्रबाट नरेन्द्र कंसाकार, साहित्य क्षेत्रबाट मल्ल के सुन्दरलाई सम्मान गरिएको हो।

खेलतर्फ तेक्वान्दोका सङ्गिना वैद्य, भलिबलका प्रतिभा माली र क्रिकेटका ज्ञानेन्द्र मल्ल सम्मानित भएको कामपाले जनाएको छ। सम्मानित व्यक्तित्वलाई नगद एक लाख ५० हजार रूपैयाँसहित पुरस्कार प्रदान गरिएको हो। समारोहमा कामपाका ३२ वटै वडाले आ-आफ्नो सांस्कृतिक झाँकी, महानगर प्रहरी बलको कवाज, खेलका साथै कामपाले सहरी सेवा तथा सुविधा वितरण र सहरी व्यवस्थापनका लागि प्रयोग गरिने साधन र उपकरणको प्रदर्शन गरेको थियो।

# पत्रकार महासंघ रुकुम पश्चिमको सहसचिवमा मध्यान्हकर्मी खत्री निर्वाचित

**रुकुम पश्चिम/मस**–नेपाल पत्रकार महासंघ रुकुम पश्चिमको सहसचिवमा मध्यान्हकर्मी प्रचण्ड खत्री निर्वाचित भएका छन्। शुक्रबार भएको निर्वाचनमा उनी सहसिचवमा निर्वाचित भएका हुन्।

२६ वर्षीय खत्री रुकुम पश्चिममा रहेर विगत ११ वर्षदेखि पत्रकारिता गर्दै आएका छन्। बाँफिकोट गाउँपालिका वडा नम्बर ५ निवासी उनी गत ३ वर्षदेखि मध्यान्ह दैनिकमा कार्यरत छन्। पत्रकार महासंघ रुकुम पश्चिममा प्रेस सेन्टरको प्यानल नै निर्वाचित भएको छ।




## साउदी र कुबेतमा रोजगार

कम्पनी : PURE AIR INDUSTRIAL GASES COMPANY   शहर : Al Qatif
पूर्व स्वीकृत मितिः २०८१/०८/२८   चलानी नं.: ६०२२९६८३   L.T. No.: 315333

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KUWAIT MODERN ALUMINUM WORKS CO.SPC   शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०४/२९   चलानी नं.: ६०२२३५२९   L.T. No.: 308843   पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Aluminum Workers | 22 | 0 | सम्बन्धित काममा दक्ष | 110 | ४८,३६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Vehicle Driver | 1 | 0 | | 160 | ७०,३५४ | | | | | | | |
| 3. | Heavy Driver | 2 | 0 | | 160 | ७०,३५४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ पुष ७ गते (22 December 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रु. २८१२ कामदारले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | साउदीको १०,००० कुबेतको निःशुल्क |

Fast Employment Service (P.) Ltd.
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com
Gov. Lic No. 1399/074/075



## हिमालयन कृषि उद्योग लिमिटेड
को
### प्रथम वार्षिक साधारण सभा सम्बन्धी सुचना

(दोश्रो पटक प्रकाशित मिति २०८१।०८।३० गते)

आदरणीय शेयरधनी महानुभावहरु,
यस संस्थाको सञ्चालक समितिको मिति २०८१।०८।२१ गते बसेको बैठकबाट निर्णय भए बमोजिम यस संस्थाको पहिलो वार्षिक साधारण सभा देहायमा उल्लेखित विषयहरु उपर छलफल तथा निर्णय गर्नका लागि निम्नलिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम उक्त वार्षिक साधारण सभामा सम्पूर्ण शेयरधनी महानुभावहरुको सहभागिताका लागि हार्दिक अनुरोध गर्दछौं।

**साधारण सभा हुने मिति, स्थान र समय :**
मिति : २०८१ साल पूष १३ गते, (तद्नुसार डिसेम्बर २८, २०२४)
समय : दिनको ११:०० बजे
स्थान : Miracle Banquet, Rara Marg-4, Sukedhara, Kathmandu, Nepal

**छलफलका विषयहरु :**
**(क) सामान्य प्रस्तावहरु :**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०८०/०८१ को प्रगती विवरण सहितको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८१/२०८२ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
४. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने
४. सञ्चालक समितिमा प्रतिनिधित्व गर्न शेयरधनीहरुतर्फको सञ्चालकहरुको निर्वाचन तथा स्वतन्त्र सञ्चालकहरुको नियुक्ति गर्ने सम्बन्धमा।
५. संचालकहरुको बैठक भत्ता तोक्ने सम्बन्धमा।
६. विविध

सञ्चालक समितिको आज्ञाले,
सागर उप्रेती
अध्यक्ष, संचालक समिति



## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

सूचना प्रकाशन मिति : २०८१/०८/३० गते

श्री सिंगमाला सामुदायिक वन उपभोक्ता समूह, चौ.न.पा.-०१, उदयपपुरको सामुदायिक वनबाट उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको साल जातको गोलिया काठ ए ग्रेड ८ थानको १८१।२७ क्यूफिट, बी ग्रेड १९ थानको २३१।९४ क्यूफिट, सी ग्रेड १८ थानको १३१।९१ क्यूफिट, डी ग्रेड ४ थानको १६।०७ क्यूफिट गरि कूल ४९ थानको ५६१।१९ क्यूफिट र साल चिरान १३० थानको १४७।६६ क्यूफिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक सुचिकृत व्यवसाय, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सूचना यस श्री सिंगमाला सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, सव डिभिजन वन कार्यालय बेल्टार, उदयपुरको सूचना पाटीमा टाँस गरिएको छ।

श्री सिंगमाला सामुदायिक वन उपभोक्ता समूह, चौ.न.पा.-०१, उदयपुर



## साधारणसभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८१/०८/३०

यस ओभरसिज नेपालिज इन्भेस्टमेन्ट कम्पनी लिमिटेड (ओनिक) को संचालक समितिको मिति बि.सं. २०८१ मंसिर २७ गते, तदनुसार इस्वी सम्वत् २०२४ डिसेम्बर १२ तारिक बिहिबारको दिन बसेको संचालक समितिको बैठकको निर्णयबमोजिम ओनिकको आठौं साधारणसभा निम्नलिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा गरिमामय उपस्थितिका लागि यो सूचना जारि गरिएको छ।

**साधारण सभा हुने मिति, समय र स्थान :**
**मिति र स्थान** : २०८१ पुस २१ गते आइतबार (5 January, 2025).
कम्पनीको रजिस्टर्ड कार्यालय साथै बिद्युतीय माध्यम

**साधारणसभामा पेस गरिने प्रस्तावहरुः**
१) आ.ब. २०८०/०८१ को लेखापरीक्षण प्रतिबेदन पारित गर्ने बारेमा।
२) आ.ब. २०८१/०८२ को लेखापरीक्षक नियुक्त गर्ने बारेमा।
३) कम्पनी सचीबको नियुक्ति गर्ने बारेमा।
४) प्रबन्ध पत्र र नियमावली सम्सोधन गर्ने बारेमा। ५) आइपिओ निष्कासन गर्ने बारेमा।
६) जारी पुजी वृद्धि गर्ने बारेमा। ७) कम्पनीको उदेश्य थप गर्ने बारेमा। ८) बिबिध।

कम्पनी सचिव

Overseas Nepalese Investment Co.Ltd.
का.म.न.पा.-२९, अनामनगर काठमाडौं, नेपाल
फोन : ०१-४३३००३७, मोबाइल : ९८६१५१५८५९
E-mail : oninvestmentltd@gmail.com
Web : www.onic.com.np

मध्यान्ह
www.madhyanhadaily.com
३० मंसिर २०८१, आइतबार
15 December 2024, Sunday

# 'कर्मा' छायांकन सुरु



**काठमाडौं/मस-** सौरभ चौधरीको निर्देशनमा तयार हुन लागेको चलचित्र 'कर्मा'को शुभमुहूर्तसँगै छायांकन प्रारम्भ गरिएको छ। निर्देशक चौधरीले आफ्नो आगामी एक्सन चलचित्रको छायांकन शुक्रबारदेखि दाङको घोराहीबाट सुरु गरेका हुन्।

४० दिन दाङ र ६ दिन रुकुममा छायांकन हुने सिनेमाको मुख्य भूमिका निभाइरहेका कलाकार विपीन कार्की, उपासनासिंह ठकुरी, मुकुन भुषाल र दिव्यदेवको सहभागितामा शुभमुहूर्तसँगै छायांकन प्रारम्भ गरिएको हो।

यो चलचित्रमा उपासना अभिनेता कार्कीको जोडीको रूपमा देखिने छन् भने मुकुन नेगेटिभ क्यारेक्टरमा देखिने भएका छन्। विपीन र उपासनाले पहिलो पटक चलचित्रमा सहकार्य गर्न लागेका हुन्।

एक्सन ड्रामा जनरामा निर्माण हुने यस चलचित्रको कथा निर्देशक चौधरी स्वयंले लेखेका छन्। निर्देशक चौधरीका अनुसार यो चलचित्रमा अभिनेता विपीनलाई पहिलो पटक एक्सन अवतारमा देख्न पाइने छ।

यसअघि निर्देशक चौधरीले 'अगस्त्य : च्याप्टर १'को निर्देशन गरेका थिए। 'कर्मा' उनको तेस्रो निर्देशकीय फिचर सिनेमा हो।

निर्देशक चौधरीलाई 'अगस्त्य : च्याप्टर-१'बाट दर्शकहरू र समीक्षकहरूको राम्रो प्रतिक्रिया प्राप्त भएको थियो, जसले गर्दा 'कर्मा'प्रति पनि उच्च अपेक्षा गरिएको छ। आर्टिस्टिक इन्टरटेनमेन्टको प्रस्तुति रहने 'कर्मा'मा वसन्त लम्सालको लगानी रहने छ।

छायाकंन सुरु हुनु अगावै अन्तर्राष्ट्रिय प्रदर्शन अधिकार विक्री गर्न सफल भएको 'कर्मा' नयाँ वर्षको छेको पारेर आगामी २९ चैतान प्रदर्शनमा आउने घोषणा गरिएको छ।

# 'दशमी' निर्माण घोषणा



**काठमाडौं/मस-** निर्देशक वसन्त निरौलाले नयाँ चलचित्र निर्माणको घोषणा गरेका छन्। भक्तपुरको सूर्यविनायक गणेशथान मन्दिरमा स्क्रिप्ट पूजा गर्दै निर्देशक निरौलाले चलचित्र 'दशमी' निर्माणको घोषणा गरेका हुन्।

रेड आई फिल्म्स र रोमन फिल्म्सको प्रस्तुति रहने चलचित्रमा राजकुमार पण्डितको लगानी रहने छ। चलचित्रका लेखक दिलीप रानाभाट हुन्। चलचित्रको निर्मातामा राजाराम बुढाथोकी, समीर पण्डित, सौगात पण्डित, पदम तामाङ र भीमप्रसाद आचार्य छन्। विजय बस्याल कार्यकारी निर्माता रहेको चलचित्रको प्रोडक्सन म्यानेजर दिलीप पन्त छन्। निर्देशक निरौलाले चलचित्रको नाम घोषणा गरे पनि कलाकारको लाइनअप भने सार्वजनिक गरेका छैनन्। उनले चलचित्र आगामी दसैंको फूलपातीका दिन रिलिज हुने बताएका छन्। 'दशमी'मा गएको दसैंमा रिलिज भएको चलचित्र 'ज्वाइँ साब'को टिम देखिएको छ। कलाकारबाहेक अधिकांश टिम 'ज्वाइँ साब'को रहेको छ। निरौलाको निर्देशन रहेको 'ज्वाइँ साब'ले राम्रो समीक्षा पाएको थियो।

शीर्षकले फिल्मको कथा दसैंको परिवेशमा केन्द्रित रहने संकेत गर्छ। फिल्मको छायांकन आगामी फागुन दोस्रो हप्तादेखि सुरु गरिने जनाइएको छ।

**UAE मा रोजगार** कम्पनी : JUST PRETTY LADIES SALON शहर : UAE
पूर्व स्वीकृत मिति: २०८०/०१/२४ चलानी नं.: ६०२०१०२७ LT. No.: 285602 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Beautician (Female) | 0 | 8 | स. काममा दक्ष | 1500 | ५५,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष ७ देखि १६ गते सम्म (22 to 31 December 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt.Lic.No. 1099/073/074
NEPAL MANPOWER PVT. LTD.
Sinamangal-9, Kathmandu, Phone: 014596555, 4562373, 4596777, 4581882.
Mobile: 9841553820,9741662084,9808903720, 9741662083, 9851167990.
Email: info@nepalmanpower.com.np, Web: www.nepalmanpower.com.np

**UAE मा रोजगार** | कम्पनी : WHITE QUEEN CLEANING SERVICES CO शहर: Dubai
पुर्व स्वीकृत मिति: २०८१/०५/२६ चलानी नं.: ६०२२५१२९ L.T. No.: 310580 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,२३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 7 | 0 | | 1200 | ४४,२३२ | | | | | | | |
| 3. | Electricians (Bldg/Indust.) | 4 | 0 | | 1200 | ४४,२३२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष ७ गते (22 December 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

OMAMA MANPOWER PVT. LTD. Gov. Lic. No. 1422/074/075
An ISO 9001: 2015 International Standards Certified Recruiting Agency
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu
Tel: 01-4587731, 01-4581383, 9702046184, Whatsapp : 9702046184, 9801054682, 981054684
E-mail: omama.manpower1422@gmail.com, URL : www.omamamanpower.com, omamamanpowerdemand@gmail.com

# विकासले ल्याए 'नृत्य तथा नाटच अध्ययन'



**काठमाडौं/मस-** फिल्म निर्देशक विकास घले गुरुङ लिखित नृत्यसम्बन्धी पुस्तक 'नृत्य तथा नाटच अध्ययन' सार्वजनिक गरिएको छ।

शुक्रबार नेपाल संगीत तथा नाटच प्रज्ञाप्रतिष्ठानमा आयोजित एक कार्यक्रमका बीच नेपाल प्रज्ञाप्रतिष्ठानका कुलपति भूपाल राई, नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानका कुलपति नारदमनि हार्तम्छाली, वरिष्ठ नृत्यविज्ञ भैरवबहादुर थापा, नेपाल संगीत तथा नाटच प्रज्ञाप्रतिष्ठानका उपकुलपति शम्भु राई, प्राज्ञ बखतबहादुर हमाल, नृत्य अनुसन्धानकर्ता भावना कार्कीलगायतले पुस्तकको सामूहिक विमोचन गरे।

संगीत तथा नाटच प्रज्ञाप्रतिष्ठानबाटै प्रकाशित पुस्तक 'बिटुजी सिद्धान्त' प्रतिपादित रहेको छ। यो एकदमै व्यावसायिक नृत्यको सिद्धान्त भएकाले यसले नयाँ नृत्य निर्देशक यो क्षेत्रमा अगाडि बढ्न एकदमै सजिलो हुने कार्यक्रममा लेखक गुरुङले बताए।

स्नातकोत्तरको परीक्षा सम्बन्धित निकायले प्रश्नपत्रसमेत तयार गरेर उपलब्ध गराउन नसक्दा खालि उत्तर पुस्तिका बुझाउनुपरेको तीतो अनुभवले आफूलाई नृत्य विधामा पुस्तक लेख्न प्रेरित गरेको गुरुङले बताए।

कार्यक्रममा नेपाल प्रज्ञाप्रतिष्ठानका कुलपति भूपाल राईले नृत्य विधालाई प्राज्ञिक र शैक्षिक प्रणालीसँग जोडेर लैजान 'नृत्य तथा नाटच अध्ययन' पुस्तकले भूमिका खेल्ने विश्वास व्यक्त गरे। कुलपति राईले मानव जगत्ले उपार्जन गरेको सबैभन्दा पुरानो संज्ञानात्मक विधा नृत्य भएको चर्चा गर्दै नेपाली नृत्यशास्त्रलाई मानवशास्त्रीय दृष्टिकोणले व्याख्या, पुनर्व्याख्यामार्फत रैथानेकरण गर्न आवश्यक रहेको औंल्याए।

नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानका कुलपति नारदमनि हार्तम्छालीले लेखकले नृत्यलाई ललितकला विधासँग समेत जोडेर लेखेको भन्दै प्रशंसा गरे। नृत्य अभिव्यक्तिको कलात्मक भाषा भएको धारणा राखेका उनले नेपालको भूगोल, संस्कृति, ज्ञान र परम्परामा आधरित भई सैद्धान्तिकीकरण गरे मात्र नेपाली नृत्यशास्त्रले पूर्णता पाउने बताए।

वरिष्ठ नृत्यविज्ञ भैरवबहादुर थापाले 'पुर्ख्यौली व्याकरण'लाई मात्र पछ्याएर किताब लेख्ने परम्पराबाट मुक्त हुन आवश्यक रहेको भन्दै लेखक गुरुङले 'बिटुजी' नृत्य विधि अघि सारेर आफ्नो 'इथिक्स' सहित पुस्तक लेखेकामा प्रंसंसा गरे। कुनै पनि व्यक्तिले अनुभव र अध्ययनका आधारमा इथिक्स तयार गर्नु नै ठूलो कुरा भएकाले त्यसलाई अरूले पछ्याउलान्, नपछ्याउलान् भनेर चिन्ता लिन आवश्यक नरहेको पनि बताए।

नृत्य अध्येता एवं अनुसन्धाता भावना कार्कीले विश्वविद्यालय तहमा रहेको नृत्यसम्बन्धी पाठ्यपुस्तक र सन्दर्भ सामग्रीको अभावलाई गुरुङकृत पुस्तकले थोरै भए पनि पूर्ति गर्ने भन्दै नयाँ नृत्य निर्देशकहरूलाई नृत्यको आधारभूत र सैद्धान्तिक ज्ञान पनि दिने बताइन्।

प्रज्ञाप्रतिष्ठानका नृत्य विभाग प्रमुख बखतबहादुर हमालले नृत्य विधा समग्र संस्कृति अभिव्यक्त हुने सम्पूर्ण माध्यम भएको दाबी गर्दै नेपाली नृत्य क्षेत्रमा प्रस्तुत पुस्तकले नयाँ इँटा थप्ने विश्वास व्यक्त गरे।

**कुवेतमा रोजगार** कम्पनी: TIP TOP COMPANY FOR GENERAL CLEANING SERVICES शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०८/२७ चलानी नं.: ६०२२९६२१ LT. No. 315304

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | INDOOR CLEANER | 10 | 4 | सम्बन्धित काममा दक्ष | 85 | ३७,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | LIGHT DRIVER/DRIVER | 2 | 0 | | 150 | ६५,९५६ | | | | | | | |

कम्पनी: ADWA AL-SAFEER GEN.TRAD. & CONT.CO./RASHED M D ALRASHIDI PARTNERS शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०८/२८ चलानी नं.: ६०२२९६६९ LT. No. 315349

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | INDOOR CLEANER | 59 | 0 | स. काममा दक्ष | 85 | ३७,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ पुष ७ गते (22 December 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Lic. No. 1011/068/069
Gulf Star Overseas Pvt. Ltd. "Your Career Partner"
Samakhushi-10, Kathmandu, Tel.: 01-4970001|4970002|4970003
Email: gulfstar1011@gmail.com URL:gulfstaroverseas.com

**एनसेल आजियाटा लिमिटेडको**
**पाँचौ वार्षिक साधारण सभाको सूचना**
(प्रथम पटक प्रकाशित)

यस एनसेल आजियाटा लिमिटेडको सञ्चालक समितिको मिति २०८१/०८/२६ मा बसेको बैठकको निर्णय बमोजिम कम्पनीको पाँचौ वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा यस कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं सभामा यहाँ स्वयं वा यहाँको आधिकारिक प्रतिनिधिको समुपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा २ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

साधारण सभा बस्ने मिति, समय र स्थान:
मिति:- पुस २४, २०८१ (तदनुसार जनवरी ०८, २०२५) बुधबार।
समय:- बिहानको १०:०० बजे।
स्थान:- एनसेल आईकन, लैनचौर-२६, काठमाडौं (कर्पोरेट कार्यालय)।

साधारण सभामा प्रस्तुत हुने छलफलका विषयहरु:
(क) साधारण प्रस्ताव:
१. आ.व.२०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८०/०८१ को वासलात, नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह लगायत वित्तिय विवरण पारित गर्ने सम्बन्धमा।
३. कम्पनीको आ.व. २०८१/८२ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४. सञ्चालक समितिको सिफारिस बमोजिम आ.व. २०८०/८१ को लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा।
(ख) विविध
अध्यक्षको अनुमतिमा अन्य कुनै प्रस्ताव(हरु)।

सञ्चालक समितिको आज्ञाले
निशिका शर्मा
कम्पनी सचिव

# दिनेशको 'उहिलेको फोटो'



**काठमाडौं/मस-** दिनेश मांगुमुको निर्देशनमा बनेको नयाँ गीतको म्युजिक भिडियो सार्वजनिक गरिएको छ। शैल लिम्बू र इन्द्रकला राईको स्वरमा रहेको नयाँ गीत 'उहिलेको फोटो'मा शैल लिम्बूको शब्द तथा संगीत छ।

मेलोडियस गीतमा देवेश राईको संगीत संयोजन छ। विकास लिम्बूको निर्माणमा बनेको भिडियोमा छायांकन सुमन तामाङको र सम्पादन अनिल रानाको छ। भिडियोमा विष्णु मोक्तान, सुस्मिता लिम्बू, एमके योङहाङ, मीना नेम्वाङ फिचर्ड छन्।

भिडियो मीना लिम्बूको अफिसियल च्यानलमार्फत सार्वजनिक गरिएको छ। निर्देशक दिनेशले सुमधुर गीतलाई उत्कृष्ट भिडियो बनाएका छन्। भिडियोको कथाले दर्शकको मन जित्ने छ।

**Invitation for Bids**

**Joshipur Rural Municipality**
**Water Sector Governance and Infrastructure Support Project (WASGISP)**
**Joshipur Project Implementation Unit Joshipur, Kailali**
**Date of Publication: 15th December, 2024**
**Funding Agency: The World Bank**
**Credit No.: 7132-NP**

1. Joshipur Project Implementation Unit, Kailali invites the Bids from eligible bidders for the Construction of Public Toilets mentioned below under National Competitive Bidding.

| S. N. | Contract Identification Number | Description of work | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|
| 1 | NP-DWSSM424240-CW-RFB | Construction of Public Toilet in Joshipur Rural Municipality | 1,80,000/- | 3000/- | Single Stage One Envelope, Hard Copy Not Acceptable |

2. Eligible Bidders may obtain further information of the Bidding Documents at the office of Water Sector Governance and Infrastructure Support Project (WaSGISP), Joshipur Project Implementation Unit (PIU), Kailali, Sudurpaschim Province, Nepal during office hours or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Project Manager**

**INTEREST RATE**

**Lumbini Bikas Bank Ltd.**
Effective from 1st Poush, 2081

Interest Rate (For Deposit Products)

| Deposit Products | | | Interest Rate (p. a.) | Minimum Balance (NPR) |
|---|---|---|---|---|
| Normal Saving | | | 3.00 % | 100 |
| Check – In Saving | | | 3.00 % | NIL |
| Premium Saving | | | 3.00 % | 5,000 |
| Nari Bachat Khata | | | 3.00 % | 100 |
| Bal Surakshya Bachat | | | 3.00 % | 100 |
| Senior Citizen Saving | | | 3.00 % | 1000 |
| Shareholder's Saving | | | 3.00 % | 100 |
| Welcome Account | | | 3.00 % | 100 |
| Locker Deposit | | | 3.00 % | NIL |
| Provident Fund Other | | | 3.00 % | 100 |
| Sadharan Bachat | | | 3.00 % | NIL |
| Bal Bhawishya Yojana | | | 3.00 % | 100 |
| Sahayatra Bachat Khata (Interest Posting Frequency - Monthly / Quarterly) | | | 5.00 % | 10,000 |
| Lumbini Talab Khata | | | 3.00 % | NIL |
| Samajik Surakshya Bachat | | | 3.00 % | NIL |
| Remittance Bachat Khata | | | 6.00 % | NIL |
| FCY Deposit (USD/GBP/Euro) | | | 1.00 % | 50 (USD/GBP/Euro) |
| Call Account | | | Up to 1.50% | - |
| Recurring Deposit | | | 3.00% | NIL |
| Akshyaya Kosh Khata | | | Negotiable | 10,000 |
| Fixed Deposit (Interest Posting Frequency – Quarterly/ At Maturity) | 6 Months to below 1 Year | Individual | 5.25 % | 10,000 |
| | Lumbini Sahayatra Muddhati Khata (1 Year only) | | 5.50 % | 100,000 |
| | Above 1 to 2 year | | 5.75 % | 10,000 |
| | Above 2 year | | 6.50 % | 10,000 |
| | Remittance (1Year to 2 year ) | | 6.75 % | 10,000 |
| | Remittance (2 Year and above) | | 7.50 % | 10,000 |
| | 6 months to below 1 year | Institutional | 4.00 % | 10,000 |
| | 1 Year | | 4.25 % | 10,000 |
| | Above 1 year to 2 year | | 4.50 % | 10,000 |
| | Above 2 Year | | 5.00 % | 10,000 |

Credit Products - Floating Interest Rate

| Credit Products | Tenure | Interest Rate (Base Rate + Premium) (p. a.) |
|---|---|---|
| Agro Plus Loan (TL/OD/DL) | | Base Rate + Premium (Up to 4%) |
| Auto Loan | Upto 3 Years | Base Rate + Premium (Up to 4%) |
| | Above 3 Years & upto 5 Years | Base Rate + Premium (Up to 4%) |
| | Above 5 Years | Base Rate + Premium (Up to 4%) |
| Hire Purchase Loan | Upto 3 Years | Base Rate + Premium (1.5% to 4%) |
| | Above 3 Years & upto 5 Years | Base Rate + Premium (1.5% to 4%) |
| | Above 5 Years | Base Rate + Premium (1.5% to 4%) |
| Business Plus Loan (OD/DL/TL) | | Base Rate + Premium (Up to 4%) |
| Comfort Loan | | Base Rate + Premium (Up to 4%) |
| Education Loan | | Base Rate + Premium (Up to 4%) |
| Foreign Employment Loan | | Base Rate + Premium (0% to 4%) |
| Personal Loan (OD/TL) | | Base Rate + Premium (1% to 4%) |
| Real Estate Loan (OD/DL/TL) | | Base Rate + Premium (1.5% to 4%) |
| Home Loan | | Base Rate + Premium (Up to 4%) |
| Margin Lending Loan | | Base Rate + Premium (Up to 4%) |
| Swarna Karja (Gold Loan) (OD/TL) | | Base Rate + Premium (Up to 4%) |
| Two Wheeler Loan | | Base Rate + Premium (Up to 4%) |
| LBBL Green Loan | | Base Rate + Premium (Up to 2%) |
| Deprived Sector Loan (OD/TL) | | Base Rate + Premium (Up to 4%) |
| Professional Loan | | Base Rate + Premium (2% to 4%) |
| Deprived Sector (wholesale) (OD/DL/TL) | | Base Rate + Premium (Up to 2%) |
| Loan against FDR/NSB/DB | | Up to 2% on Coupon Rate |
| Consortium Loan (OD/BGL/TL) | | As per consortium decision |

Credit Products - Fixed Interest Rate (p. a.)

| Product | Up to 5 Years | Above 5 Years |
|---|---|---|
| Home Loan | 14.00% | 14.50% |
| Personal Loan (TL) | 14.00% | 14.50% |
| Comfort Loan | 14.00% | 14.50% |
| Education Loan | 14.00% | 14.50% |
| Two Wheeler | 14.00% | 14.50% |
| Auto Loan | 14.00% | 14.50% |

* **BR= 3 Months Average Base Rate as of Kartik End 2081 i.e., 8.77%.**
- Interest rate on premium loan shall be charged as per NRB Directives.
- In case of watch list and other degraded exposure additional 2% premium may be charged.
- Base rate plus + 2 for deprived sector loan/Agriculture loan up to 15 Lakhs as per NRB Directives.

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)
केन्द्रीय कार्यालय, चौथो तल्ला । सनराईज विज पार्क, डिल्लीबजार, काठमाडौं । फोन नं. ०१-४५१३२३४/४५१३२३२
www.lumbinibikasbank.com

# चितवन प्लेअफ नजिक, विराटनगर र पोखरा बाहिरिए

**काठमाडौं/मस-** जनकपुर बोल्ट्सलाई पराजित गर्दै चितवन राइनोज नेपाल प्रिमियर लिग (एनपीएल)को प्लेअफ नजिक पुगेको छ । शनिबार भएको खेलमा चितवनले ३२ रनको जित हासिल गरेको हो । यसअघि नै प्लेअफमा स्थान पक्का गरिसकेको जनकपुरलाई पराजित गरेपछि चितवनले ७ खेलबाट ८ अंक जोडेको छ ।

चितवनले दिएको १८१ रनको लक्ष्य पछ्याएको जनकपुरले १८ ओभरमा सबै विकेट गुमाउँदै १४८ रन मात्रै बनाउन सक्यो । जनकपुरका जिम्मी निसमले सर्वाधिक ६५ रन बनाए । आक्रामक ब्याटिङ गरेका उनले २४ बलमा पाँच चौका र ६ छक्का प्रहार गरे । उनको १८ बलमै अर्धशतक पूरा गरेका थिए । ओपनर आशिफ शेखले २३ रन बनाए । चितवनका शोयल तनभिर, कुशल मल्ल र रजिन ढकालले समान २-२ विकेट लिए ।



त्यसअघि त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिले ब्याटिङ गरेको चितवनले कप्तान कुशल मल्लको ७२ रनको मद्दतमा पाँच विकेट गुमाएर १८० रन बनाएको थियो । मल्लले ४१ बल खेल्दै ३ चौका र ७ छक्का प्रहार गरे । रवि बोपाराले ४४ र हसन इसाखिलले २८ रन जोडे । बलिङमा जनकपुरका लागि ललित राजवंशीले २ विकेट लिए ।

६ खेलबाट १० अंक जोडेको जनकपुर यसअघि नै प्लेअफमा पुगिसकेको छ। चितवनमाथि जित निकालेको भए जनकपुरको शीर्ष दुई स्थान पक्का हुने थियो। योसँगै जनकपुरले पहिलो क्वालिफायर खेल्ने थियो। तर, अब दुई खेल कम खेल्दै आठ अंक जोडेको सुदूरपश्चिम रोयल्स र समान अंक भएको कर्णाली याक्सको नतिजा जनकपुरले कुर्नुपर्ने भएको छ ।

चितवनको जितसँगै छैटौं स्थानको विराटनगर किङ्स र सातौं स्थानको पोखरा एभेन्जर्स लिगचरणको अन्तिम खेलअघि नै प्रतियोगिताबाट बाहिरिएका छन् । अब चितवनको यात्रा काठमाडौं गुर्खाज र विराटनगरबीचको खेलले निर्धारण गर्नेछ ।

शनिबार नै काठमाडौं गुर्खाजले पोखरा एभेञ्जर्सलाई छ विकेटले पराजित गरेको थियो । पोखराले दिएको एक सय ३९ रनको लक्ष्य काठमाडौंले १४ दशमलव एक ओभरमा चार विकेटको क्षतिमा पूरा गर्‍यो ।

काठमाडौंको जितमा स्टेफन स्किनाजीले अर्धशतकीय पारी खेले । उनले उनले ३४ बल खेल्ने क्रममा १० चौकासहित ६० रनको योगदान दिए । त्यसबाहेक माइकल लेभिटले ३२, गेर्हार्ड एरासमुसले अविजित २५ र भीम सार्कीले २२ रनको योगदान दिए । पोखराका लागि विपीन खत्रीले तीन विकेट लिए भने मिचेल लेस्कीले एक विकेट हात पारे ।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको पोखराले निर्धारित २० ओभरमा आठ विकेटको क्षतिमा एक सय ३८ रन बनाएको थियो । उसका लागि रेमन रेफरले ३० बलमा तीन छक्का र एक चौकाको मद्दतले ४१ रन बनाए ।

साथै दिनेश खरेलले ३८ र दिलीप नाथले २७ रन बाहेक अन्य खेलाडीले दोहोरो अङ्कको रन जोड्न सकेनन् । गोमेलले आठ, कप्तान कुशल भुर्तेलले सात, विपीन खत्रीले चार, सागर ढकाल र माइकल लीस्कले समान एक/एक रन जोडे । पोखरालाई मध्यमक्रममा समेट्ने क्रममा काठमाडौंका लागि कप्तान करण केसी र रासिद खानले समान तीन/तीन विकेट लिए । यस्तै, गेर्हार्ड इरास्मस र माइकल लेविटले एक/एक विकेट लिए ।

## क्यालिकट काभा क्लब भलिबल च्याम्पियन



**काठमाडौं/बस-** पहिलो संस्करणको काभा मेन्स भलिबल क्लब च्याम्पियनसिपमा भारतको क्यालिकटले उपाधि जितेको छ । घरेलु टोली नेपालको हेल्प नेपाल स्पोर्टस क्लबलाई ३-१ को सहज नतिजामा हराउँदै क्यालिकट उपाधि जित्न सफल भएको हो ।

घरेलु टोली विरूद्ध सुरूवात राम्रो गर्दै २५-२१ ले पहिलो सेट क्यालिकटले जित्यो । दोस्रो सेटमा नेपाल खेलमा फर्कन सफल रह्यो । २६-२४ ले दोस्रो सेट जित्दै खेललाई १-१को बराबरीमा पुर्‍यायो तर यसपछि हेल्प नेपालले लय लिन सकेन् । नेपाल डिफेन्स र ब्लकमा चुक्यो, जसले गर्दा २५-१४ र २५-१७ ले तेस्रो र चौथो सेट जित्दै क्यालिकटले सानदार शैलीमा उपाधि जितेको हो ।

क्यालिकट लिग चरणमा तेस्रो हुँदै र नेपाल दोस्रो हुँदै सेमिफाइनलमा पुगेका थिए । सेमिफाइनलमा क्यालीकटले इरानलाई र हेल्प नेपालले माल्दिभ्सको क्लब एचडिसीलाई हराएको थियो ।

## एनप्याब्सन खेलकुद सप्ताहका पदक विजेता पुरस्कृत




**काठमाडौं/मस-** सातौं एनप्याब्सन खेलकुद सप्ताहअन्तर्गत विभिन्न खेलका पदक विजेतालाई शनिबार पुरस्कृत गरिएको छ । विभिन्न ४ खेलका पदक विजेतासहित मार्च पास्टमा शीर्ष स्थानमा रहने टोलीलाई पुरस्कृत गरिएको हो ।

एनप्याब्सन काठमाडौं जिल्ला कार्यसमितिद्वारा आयोजित खेलकुद सप्ताहमा छात्र फुटसल, छात्र/छात्रा कबड्डी र तानडोरी तथा छात्र बास्केटबलमा प्रतिस्पर्धा भएको थियो । आयोजक कार्यसमितिका अध्यक्ष अमृतकुमार खड्का, कार्यसमितिका उपाध्यक्ष एवं अत्तिरिक्त क्रियाकलापका संयोजक प्रेमकुमार भुजेललगायतले सरस्वतीनगरस्थित एपेक्स लाइफ स्कुलमा आयोजित एक कार्यक्रमबीच पुरस्कृत गरे ।

कमलादीस्थित युनिग्लोबमा भएको छात्र फुटसलमा अमर आदर्श पहिलो, बोधी सदन दोस्रो र निर्मल ज्योति तेस्रो भएका थिए । छात्र/छात्रामा कबड्डीको दुवै उपाधि भीमेश्वर एकेडेमीले जित्यो । छात्रमा अर्किड दोस्रो तथा गणेश हिमाल र नेरिक एकेडेमी तेस्रो भए । छात्रामा वेस्ट ग्रुप भिजन दोस्रो तथा अमर आदर्श र ग्रिन लन्स तेस्रो बने ।

त्यस्तै तानडोरीको छात्रमा ज्ञानभूमि, कान्तिपुर र पिक प्वाइन्ट क्रमशः शीर्ष तीन स्थानमा रहे । छात्रामा कान्तिपुर विजेता, पिक प्वाइन्ट उपविजेता र मिलन धर्मस्थली तेस्रो भए । कबड्डी र तानडोरी भीमसेनगोलास्थित अमर आदर्श स्कुलमा भएको थियो ।

एपेक्स लाइफ स्कुलमा भएको छात्र बास्केटबलको उपाधि हिमाली बोर्डिङले चुम्यो । साइन मोडेल दोस्रो तथा युनिभर्सल तेस्रो स्थानमा रहे । मार्च पास्टमा वेस्ट ग्रुप भिजन पहिलो, काठमाडौं सेन्ट्रल दोस्रो र ग्रिन हिल तेस्रो हुँदै क्रमशः ५ हजार, ३ हजार र २ हजार नगदबाट पुरस्कृत भए । मंसिर २१ गतेदेखि सुरु खेलकुद सप्ताहमा १ सय २० भन्दा बढीको सहभागिता रहेको आयोजकले जनाएको छ ।

**राष्ट्रिय विज्ञापन संघ नेपाल**
**National Advertising Association of Nepal (NAAN)**
का.म.न.पा. ११, त्रिपुरेश्वर, काठमाडौं

## आर्थिक वर्ष २०८१/०८२ का लागि संघमा आवद्ध आधिकारिक विज्ञापन एजेन्सीहरूको नामावली

| क्र.सं. | विज्ञापन एजेन्सीको नाम | ठेगाना |
|---|---|---|
| १ | ए.पि. एण्ड जि. मिडिया प्रा. लि. | जाउलाखेल, ललितपुर |
| २ | आँधीखोला मिडिया हाउस | नागार्जुन, काठमाडौं |
| ३ | एड. चौतारी प्रा. लि. | कमलपोखरी, काठमाडौं |
| ४ | एड कन्सेप्ट | मिनभवन, काठमाडौं |
| ५ | एड फोकस मल्टिपल बिजनेस प्रा. लि. | बागबजार, काठमाडौं |
| ६ | एड प्रो मिडिया प्रा. लि. | थापागाउँ, काठमाडौं |
| ७ | अक्षय पब्लिकेशन एण्ड जि. मिडिया प्रा. लि. | जाउलाखेल, ललितपुर |
| ८ | एम्बिसियस मिडिया एण्ड मल्टिपल बिजिनेस प्रा. लि. | थापाथली, काठमाडौं |
| ९ | अन्नपूर्ण एडभरटाईजिङ एण्ड प्रिन्टिङ प्रा. लि. | नागार्जुन, काठमाडौं |
| १० | एप्पल मिडिया एण्ड एडभरटाईजिङ प्रा. लि. | नयाँबानेश्वर, काठमाडौं |
| ११ | आरम्भ विज्ञापन सेवा | नयाँ ठिमी, भक्तपुर |
| १२ | बहार मिडिया प्रा. लि. | बुढानिलकण्ठ, काठमाडौं |
| १३ | बाँसुरी मिडिया प्रा. लि. | ईन्द्रावती, सिन्धुपाल्चोक |
| १४ | वेत्रावती प्रिन्टिङ्ग प्रेस एण्ड सप्लायर्स प्रा. लि. | नयाँबानेश्वर, काठमाडौं |
| १५ | ब्राण्ड मन्त्र प्रा. लि. | पुतलीसडक, काठमाडौं |
| १६ | व्यवसाय प्रवर्द्धन अनुसन्धान तथा सञ्चार प्रा. लि. | पुतलीसडक, काठमाडौं |
| १७ | क्यानभास प्लस मल्टि मिडिया प्रा. लि. | पुतलीसडक, काठमाडौं |
| १८ | चण्डीमाई एडभरटाईजिङ एजेन्सी | नागार्जुन, काठमाडौं |
| १९ | चन्द्रागिरी हिल्स मिडिया प्रा. लि. | चन्द्रागिरी, काठमाडौं |
| २० | चितवन एडभरटाईजिङ्ग एण्ड मिडिया सर्भिस | चितवन |
| २१ | सिटी एक्सप्रेस मिडिया प्रा. लि. | कलंकी, काठमाडौं |
| २२ | क्रियटिभ मिडिया प्रिन्ट प्रा. लि. | पुतलीसडक, काठमाडौं |
| २३ | दर्शन मिडिया होम | अनामनगर, काठमाडौं |
| २४ | डच मिडिया प्रा. लि. | अनामनगर, काठमाडौं |
| २५ | ईनिग्मा एडभरटाईजिङ्ग एण्ड मार्केटिङ्ग प्रा. लि. | नयाँबानेश्वर, काठमाडौं |
| २६ | एभरेष्ट एड एण्ड ईभेन्ट म्यानेजमेन्ट प्रा. लि. | कुपण्डोल, ललितपुर |
| २७ | एक्सिलेन्ट एडभरटाईजिङ सर्भिस प्रा. लि. | नागार्जुन, काठमाडौं |
| २८ | फास्टेक मिडिया एजेन्सी प्रा. लि. | सुन्दरहरैचा, मोरङ |
| २९ | फियरलेस मिडिया प्रा. लि. | बसुन्धरा, काठमाडौं |
| ३० | फोर जि. मार्केटिङ एण्ड डिस्ट्रिब्युसन प्रा. लि. | चाबहिल, काठमाडौं |
| ३१ | गण्डकी मिडिया प्रा. लि. | अनामनगर, काठमाडौं |
| ३२ | ग्लोबल मिडिया होम | अनामनगर, काठमाडौं |
| ३३ | ग्लोबल ट्रेड एण्ड कन्सर्न प्रा. लि. | अनामनगर, काठमाडौं |
| ३४ | गुगल एडभरटाईजिङ्ग प्रा. लि. | बाफल, काठमाडौं |
| ३५ | हेल्पिङ्ग ह्याण्ड एडभरटाईजिङ्ग एजेन्सी प्रा. लि. | काठमाडौं |
| ३६ | हिमालय एडभरटाईजिङ एण्ड मिडिया प्रा. लि. | बागबजार, काठमाडौं |
| ३७ | होप मिडिया | बागबजार, काठमाडौं |
| ३८ | इनोभेट प्रा. लि. | काठमाडौं |
| ३९ | ईनोभेटिभ मिडिया मल्टिपल बिजिनेस प्रा. लि. | अनामनगर, काठमाडौं |
| ४० | ज्योति एड मिडिया सर्भिसेस | तिनकुने, काठमाडौं |
| ४१ | कलश एडभरटाईजिङ सर्भिस प्रा. लि. | बुद्धनगर, काठमाडौं |
| ४२ | कालिका एड मिडिया सर्भिस | बबरमहल, काठमाडौं |
| ४३ | कामना मिडिया प्रा. लि. | अनामनगर, काठमाडौं |
| ४४ | कोकिल मिडिया | अनामनगर, काठमाडौं |
| ४५ | क्रिष्टल मिडिया प्रा. लि. | चाँगुनारायण, भक्तपुर |
| ४६ | कुलदेवता मल्टिपरपोज कम्पनी लि. | बुढानिलकण्ठ, काठमाडौं |
| ४७ | एम.आर. एडभरटाईजिङ्ग एजेन्सी प्रा. लि. | टोखा, काठमाडौं |
| ४८ | मनास्लु एडभरटाईजिङ एण्ड मिडिया प्रा. लि. | बागबजार, काठमाडौं |
| ४९ | मिडिया जर्नल प्रा. लि. | सातदोबाटो, ललितपुर |
| ५० | मिडिया सोलुसन प्रा. लि. | नयाँबानेश्वर, काठमाडौं |
| ५१ | मेरो आर्थिक मिडिया प्रा. लि. | कोटेश्वर, काठमाडौं |
| ५२ | मोदक एडभरटाईजिङ्ग प्रा. लि. | सूर्यविनायक, भक्तपुर |
| ५३ | नेशनल मिडिया सर्भिस प्रा. लि. | बबरमहल, काठमाडौं |
| ५४ | नेचुरल मिडिया प्रा. लि. | अनामनगर, काठमाडौं |
| ५५ | नेपाल मिडिया हाउस प्रा. लि. | कुपण्डोल, ललितपुर |
| ५६ | न्यु एरा मिडिया एण्ड एडभरटाईजिङ्ग प्रा. लि. | अनामनगर, काठमाडौं |
| ५७ | नर्थ स्काई पब्लिकेशन | सातदोबाटो, ललितपुर |
| ५८ | ओसिस भिजन प्रा. लि. | घट्टेकुलो, काठमाडौं |
| ५९ | पी.आर. मल्टिपल सोलुसन प्रा. लि. | काठमाडौं |
| ६० | पानस एडभरटाईजिङ्ग मिडिया प्रां. लि. | सूर्यविनायक, भक्तपुर |
| ६१ | पानस मल्टिमिडिया प्रा. लि. | पाटनढोका, ललितपुर |
| ६२ | पोलिसी मिडिया प्रा. लि. | चावाहिल, काठमाडौं |
| ६३ | प्रिन्ट प्रो ईन्टरप्राईजेज प्रा. लि. | ललितपुर |
| ६४ | पुर्वेली विज्ञापन सेवा | नयाँबानेश्वर, काठमाडौं |
| ६५ | आर.आर. एड मिडिया | बुढानिलकण्ठ, काठमाडौं |
| ६६ | राज मिडिया एण्ड मार्केटिङ प्रा. लि. | मैतिदेवी, काठमाडौं |
| ६७ | रेड डिजिटल ईन्टरटेन्मेन्ट प्रा. लि. | बत्तीसपुतली, काठमाडौं |
| ६८ | सफल बिज लिंक | नयाँबजार, पोखरा |
| ६९ | सजिलो मिडिया प्रा. लि. | बागबजार, काठमाडौं |
| ७० | सार्थक विज्ञापन सेवा प्रा. लि. | काठमाडौं |
| ७१ | श्रीराम फिल्म्स एण्ड एडभरटाईजिङ्ग | सर्लाही |
| ७२ | सिद्धिविनायक एडभरटाईजिङ प्रा. लि. | सुर्यविनायक, भक्तपुर |
| ७३ | सिगास मिडिया हब प्रा. लि. | धनगढी |
| ७४ | स्मारिका ट्रेडर्स | महाराजगंज, काठमाडौं |
| ७५ | स्मार्ट क्रिएटिभ मिडिया प्रा. लि. | सुर्यविनायक, भक्तपुर |
| ७६ | एस.एम.डी. स्मार्ट मिडिया प्रा. लि. | डिल्लीबजार, काठमाडौं |
| ७७ | सोलुसन मिडिया प्रा. लि. | काठमाडौं |
| ७८ | स्टार एडभरटाईजिङ्ग प्रा. लि. | काठमाडौं |
| ७९ | सपोर्ट मिडिया प्रा. लि. | टोखा, काठमाडौं |
| ८० | स्वर्गद्वारी मिडिया प्रा. लि. | अनामनगर, काठमाडौं |
| ८१ | स्वतन्त्र मिडिया प्रा. लि. | काठमाडौं |
| ८२ | स्युचाटार ईन्टरप्राइजेज प्रा. लि. | नागार्जुन, काठमाडौं |
| ८३ | तेडी मिडिया एजेन्सी | धनगढी, कैलाली |
| ८४ | त्रिलक्ष्मी एडभरटाईजिङ सर्भिसेस प्रा. लि. | टोखा, काठमाडौं |
| ८५ | टर्बो मिडिया प्रा. लि. | डिल्लीबजार, काठमाडौं |
| ८६ | युनिभर्सल मिडिया एण्ड एडभरटाईजिङ एजेन्सी प्रा. लि. | बालाजु, काठमाडौं |
| ८७ | भेराईटिज कन्सल्टिङ्ग नेटवर्क प्रा. लि. | त्रिपुरेश्वर, काठमाडौं |
| ८८ | भर्चुवल मिडिया प्रा. लि. | सूर्यविनायक, भक्तपुर |
| ८९ | भिजन एड मिडिया | बुढानिलकण्ठ, काठमाडौं |
| ९० | विन मिडिया प्रा. लि. | अनामनगर, काठमाडौं |
| ९१ | वर्ल्ड पीस एडभरटाईजिङ्ग सर्भिस प्रा. लि. | टेकु, काठमाडौं |
| ९२ | युग सन्देश मिडिया | काठमाडौं |

**नोट : यस संघमा आवद्ध हुन ईच्छुक विज्ञापन एजेन्सीले संघका महासचिव श्री आशिष खड्का (मो. ९८५११४०३८६) लाई सम्पर्क गर्नहुन अनुरोध गर्दछौं ।**



# कृषि क्षेत्र फस्टाउन मेसिनरी प्रविधिको प्रयोग आवश्यक

नेपाल कृषि प्रधान देश भनेपनि कृषि क्षेत्रको अपेक्षित विकास हुन सकेको छैन । कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकीरणमा सरकारको प्राथमिकता नहुँदा कृषि क्षेत्र फस्टाउन सकेको छैन । कृषि क्षेत्रको विकासको लागि यान्त्रिकीरण गर्ने रणनीति नबनाउने हो भने कृषि क्षेत्रबाट जनशक्ति अझै पलायन हुने अवस्था सृजना हुन सक्छ । कृषिमा व्यावसायीकरण कति आवश्यक भन्ने विषयमा नेपाल कृषि मेशिनरी व्यवसायी संघका अध्यक्ष **कृष्ण शर्मा**सँग मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानी ।

**कृष्ण शर्मा**
**अध्यक्ष, नेपाल कृषि मेसिनरी व्यवसायी संघ**

**नेपालमा कृषि मेसिनरीको प्रयोगको अवस्था कस्तो छ ?**

नेपालका कृषिमा यान्त्रिकीकरणको विकास निरन्तर बढिरहेको छ । युवा जनशक्ति पलायन हुँदै गर्दा काम गर्ने साधनको रूपमा मेसिनरी उपकरणको माग बढ्दो गतिमा छ । प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजनाले नेपालको कृषि यान्त्रिकीकरणलाई केही भएपनि बढाउने काम गरेको छ । कृषिमा यान्त्रिकीकरण आवश्यकता भन्दा पनि बाध्यता बनेको छ । काम गर्न सक्ने जनशक्ति पलाउन भइरहेको अवस्था यन्त्रको प्रयोग गर्नेको संख्या देशभर नै बढेको हो । जमिन तयार गर्ने मेसिनको प्रयोगमा हामी धेरै नै माथि पुगेका छौं ।

जोत्ने र दाउनेका लागि मेसिनको प्रयोग बढ्दो छ । तर, पोष्ट हार्भेष्ट र प्लान्टीङमा अतिकति पछाडि छौं । हाम्रो नीतिलाई अलि सहज बनाइदिने र नयाँ प्रविधि भित्र्याउनका लागि सरकारले सहजिकरण गरिदिने हो भने हामीले नेपालको कृषि आधुनिकरणलाई धेरै नै अगाडि बढाउन सकिन्छ । कृषि प्रधान देशमा ग्रामीण अर्थतन्त्रको सुधारको लागि कृषि यान्त्रिकीरण प्रवर्द्धनका कार्यक्रम अझै धेरै आवश्यक छ ।

**कृषि क्षेत्रमा उत्पादन बढाउन कृषि मेसिनरी उपकरणको आवश्यकता कति छ ?**

हाम्रोमा अझै महँगा खालका कृषि उपकरण आउन सकेका छैनन् । हार्भेष्ट र प्लान्टिङ गर्ने टेक्नेलोजीको किन्न धेरै पर्ने र काम लाग्ने समय समेत निकै कम हुँदा ठूला मेसिनमा लगानी हुन सकिरहेको छैन । प्रविधि नै महँगो, टेक्निकल रूपमा समेत काम गर्न कठिन हुने भएकोले ल्याउन सकिएको छैन । यस्तै सरकारले समेत यस्ता महँगा उपकरण ल्याउनका लागि प्रोत्साहन गर्ने नीति नै छैन । कृषि मेसिनरीको आवश्यक बढ्दो भएपनि नेपालको प्राथमिकतामा पर्न सकेको छैन ।

**कस्ता मेसिनको प्रयोग कृषि क्षेत्रमा भइरहको छ ?**

विशेषगरी धानबाली, गहुँ बालीको खेती गर्ने बेलामा जमिन तयार गर्नका लागि प्रयोग हुने मेसिन धेरै प्रयोग भइरहेको छ । यस्तै अन्नवाली दाउनका लागि प्रयोग हुने मेसिन पछिल्ला वर्षमा भित्रिरहेका छन् । केही वर्ष अघि भारतका भाडाको मेसिनरी प्रविधि आउने गरेका थिए तर, अहिले रोकिएको छ । नेपालीले नै चलाउने कृषि उपकरणहरू प्रयोग भइरहेका छन् । अहिले तराईमा ट्रयाक्टर र पहाडमा हाते ट्र्याक्करको प्रयोग बढ्दो छ । यस्तै दाइँका लागि थ्रेसरको प्रयोग तराईमा मात्र हुने गरेकोमा अहिले पहाडी क्षेत्रमा समेत बढ्दो छ । देशभरी कृषि मेसिनरी उपकरणको पहुँच छ । ट्र्याटरमा जोडिने रोडाभेटर, कल्टिभेटर, पहाड भू-भागमा हलुका र कम कार्य क्षमता भएका मेसिनरी औजारहरूको प्रयोग अहिले बढ्दै गएको छ ।

**कृषि क्षेत्रमा विकासको लागि मेसिनरी समानहरूको आवश्यकता कति छ ?**

नेपालको कृषि क्षेत्र मेसिनरी प्रविधिको प्रयोग निकै नै कम छ भन्दा पनि हुन्छ । पहिला हरेक घरमा एक जोडी हल गोरु पाल्ने चलन थियो । अहिले हलगोरुको काम प्रविधिले गरिरहेको छ । अहिले हरेक घरमा कृषिको लागि प्रयोग हुने साना साना कृषि उपकरण माग बढ्दो छ । अब कृषि गर्ने घरलाई सानो हाते ट्र्यार मात्र हुने व्यवस्था गर्ने हो भने हाम्रा खेतवारी बाँझो हुनबाट रोक्न सकिन्छ । अहिले देशमा काम भएन बनेर विदेश जानलाई समेत रोक्न सक्ने क्षेत्र नै कृषि हो । त्यसैले कृषि क्षेत्रको विकासमा सरकारको पहिलो प्राथमिकता हुन आवश्यक छ ।

**कृषिमा यान्त्रिकीकरण लागि सरकारको तर्फबाट कस्तो भूमिका निर्वाह गर्नुपर्छ ?**

कृषि यान्त्रिकीरण भनेको कृषि क्षेत्रको मेरुदण्ड हो । यन्त्रिकीरणमा जुन हिसाबले राज्यको उपस्थिति हुनुपर्ने थियो त्यो छैन । कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको २४ प्रतिशत योगदान छ । कृषि औजार र प्रविधि विना अब कृषि सम्भव छैन । जुन हिसाबले राज्यले काम गर्नुपर्ने हो त्यो अपुग नै छ । कृषि मन्त्रालयमा यान्त्रिकीकरणमा छुट्याउने बजेट नै छैन भन्दा हुन्छ ।

अब कम यान्त्रिकीकरण भएका जिल्लाहरूका विशेष फोकस गर्ने कार्यक्रम लैजान आवश्यक छ । यान्त्रिकीकरण बढाउने हो भने देशको जिडिपीमा कृषिको योगदान थप बढाउन सकिन्छ । यन्त्रिकीकरणले उत्पादकत्व बढ्छ लागत घट्छ । विश्व बजारमा नेपाली उत्पादनले स्थान नपाउनु मूल्य नपाउनु भनेको लागत नै धेरै हुनु हो । यान्त्रिक प्रविधिको प्रयोग बढाउनुपर्छ, त्यसले लागत घटाउन मद्दत गर्छ । लागत घटेपछि बजारमा प्रतिस्पर्धा गर्न सकिन्छ त्यसका लागि सरकारले यान्त्रिकीकरणको सहजिकरणमा नीतिगत रूपमै व्यवस्था गर्नुपर्छ ।

देशमा उत्पादन गर्न सकिने उपजलाई पहिलो प्राथमिकतामा राखेर काम गर्ने र कृषिलाई यान्त्रिकीकरणमा जोड्नु नै आजको आवश्यकता हो । नेपाली उत्पादनले बजार नपाउनु भनेको छिमेकी राष्ट्रबाट आउने कृषि उपज प्रमुख कारण हो । भारतबाट आउने कृषि उपज सस्तो हुँदा नेपालीले उत्पादन गरेका वस्तुको मूल्य पाउँदैन । एक पटक मूल्य नपाएपछि अर्को पटक कृषिबाट किसान नै पलायन भएको उदाहरण धेरै छ । त्यसैले कृषिमा आत्मनिर्भरको बाटोमा लाग्ने हो भने अब विदेशबाट आयात हुने कृषि उत्पादनमा भन्सारमा राजस्वको दर बढाउने देखि नेपालमा कृषिमा लगानी गर्नेलाई सहुलियत कर्जा र बजारीकरणमा ध्यान दिन आवश्यक छ ।

## विद्युत् विधेयक संशोधन हुन्छ, पीपीए खुल्छ : ऊर्जामन्त्री खड्का




**काठमाडौं/मस-** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले निजी क्षेत्रको सुझावसहित विद्युत् विधेयक संशोधन हुने बताएका छन् । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) र एसिएन पेन्ट्सले गरेको 'इन्फ्रास्ट्रक्चर इनोभेसन एन्ड सस्टेनेबल डेभलपमेन्ट' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री खड्काले निजी क्षेत्रको साथ नभई २८ हजार ५०० मेगावाटको लक्ष्य पूरा गर्न नसकिने भन्दै निजी क्षेत्रका सुझाव समेटेर विद्युत् विधेयक संसोधन हुने दाबी गरेका हुन् । ऊर्जा क्षेत्रको विकास भए मात्र मुलुकको विकास सम्भव हुने भन्दै मन्त्री खड्काले छिट्टै पाइपलाइनमा रहेका ऊर्जा आयोजनाहरुको विद्युत् खरिद विक्री सम्झौता (पीपीए) खुला हुने पनि बताएका छन् ।

ऊर्जा आयोजनाको खर्च र आम्दानी पहिले नै तय हुने भएकाले अरुभन्दा सुरक्षित व्यवसाय भएपनि मौसमी प्रतिकुलताले हुने जोखिम प्रवर्द्धकको हातमा नरहेकोले त्यसको सजाय प्रवर्द्धकलाई दिन नहुने पनि खड्काले बताए । ऊर्जामन्त्री खड्काले नेपालले पछिल्लो समय भारतमा ९५० र बंगलादेशमा ४० मेगावाट विद्युत् निर्यात गरिरहेको बताउँदै सरकारले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्दा १५ हजार मेगावाट विद्युत् यिनै देशमा निर्यात गर्ने लक्ष्य राखेको बताए । तर, उक्त लक्ष्य हाँसिल गर्नका लागि निजी क्षेत्रको साथ बिना सम्भव नहुने भएकाले निजी क्षेत्रलाई सँगै लैजान उनीहरूका सरोकारका विषय सम्बोधन गर्न आफू सधैँ तयार रहेको मन्त्री खड्काको भनाइ थियो ।

'निजी क्षेत्रले जे जति मागहरू राखेको छ, ती सबै मागको विषयमा म जानकार छु । ती सबै माग पूरा हुन्छन्', खड्काले भने । डेडिकेटेड तथा ट्रंक लाइनको विषयमा उद्योगीले भुक्तानी गर्नु पर्दैन भनेर आफूले कहिँ कतै कहिले पनि नभनेको तर, उद्योग बन्द गरेर पैसा उठाउनु हुँदैन भन्ने पक्षमा आफू रहेको पनि खड्काले बताए । उद्योग बन्द हुँदा, विद्युत् खपत भएन, सरकारले राजस्व गुमायो, श्रमिकले रोजगारी गुमायो, उत्पादनको लागत बढ्यो, यसले चेन अफ इफेक्ट पारेको छ । सरकारी निकायले सरकारको राजस्वमा असर पार्ने, अर्थतन्त्रमा असर पार्ने यस्तो काम पनि गर्न हुन्छ ? खड्काले विद्युत् प्राधिकरणलाई प्रश्न गर्दै भने ।

मन्त्री खड्काले स्रोतमाथिको अधिकार गरिब तथा धनी सबै वर्गका लागि हुने भएकाले सरकारले जनताको जलविद्युत् कार्यक्रमअन्तर्गत गरिब तथा विपन्न वर्गका लागि सरकारले दुई लाखदेखि पाँच लाखसम्मको बिना धितो सहुलियत ऋणको व्यवस्था गरेको पनि बताएका थिए । कार्यक्रममा विद्युत् नियमन आयोगका अध्यक्ष डा. रामप्रसाद धितालले उत्पादन जस्तै प्रसारण र वितरणमा पनि निजी क्षेत्रलाई सहभागी गराउने विषयमा आयोगले गृहकार्य गरिरहेको बताए । उनले अहिलेको प्रसारण सञ्जालमा ग्रिड कोड लागू भएमा उत्पादक आफैँले बढी उत्पादन भएको विद्युत् बिक्री गर्न सक्ने पनि बताए । हिजो थोरै विद्युत् उत्पादन हुँदा विद्युत् खपत कम होस भन्ने उद्देश्यले धेरै विद्युत् खपत गर्नेको बढी बिल आउने बिलिङ प्रणाली विकास गरिएको भन्दै आजको दिनमा विद्युत् धेरै भएर खेर जाने अवस्थामा धेरै खपत गर्नेलाई थोरै बिल आउने बिलिङ प्रणाली विकास गर्नका लागि आयोगले तयारी गरेको पनि उनले बताए ।

कार्यक्रममा इप्पानका उपाध्यक्ष आशिष गर्गले देशको समृद्धिको आधार ऊर्जा विकास मात्र भएको र यसको दीगो र प्रविधिमैत्री विकास आजको आवश्यकता भएको बताए । इप्पानका उपमहासचिव प्रकाश दुललालले कार्यक्रम सञ्चालन गर्दै निजी क्षेत्रले उत्पादनमा हात हालेको २५ वर्ष भित्र २६ सय मेगावाट भन्दा धेरै विद्युत् उत्पादन गरिसकेको र निर्माणाधीन र निर्माणमा जाने तयारीमा रहेका आयोजना मध्ये ८० प्रतिशत निजी क्षेत्रकै अगुवाइमा रहेको बताए । कार्यक्रममा इप्पानका उपाध्यक्ष आनन्द चौधरीले नेपालमा विद्युत् उत्पादनको सम्भावना, २८ हजार ५०० मेगावाटको लक्ष्य र १० वर्षमा १० हजार मेगावाट निर्यातको विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । एसिएन पेन्टसका कन्स्ट्रक्सन केमिकल विभाग प्रमुख डेनिस ज्याकोबले हाइड्रोपावर सेक्टरमा विश्वव्यापी ट्रेन्डमा रहेका सस्टेनेबल एन्ड इनोभेसन प्राक्टिसका विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

## जेएम इभी जीएसइ गाडी नेपालमा उपलब्ध




**काठमाडौं/मस –** नेपाली बजारमा जेएम ईभी जीएसइ इलेक्ट्रिकल गाडी भित्रिएको छ । काठमाडौंमा एक कार्यक्रमकाबीच शौर्य अटोमोबाइल्स प्रालिले जेएम ईभी जीएसइ इलेक्ट्रिकल गाडी सार्वजनिक गरेको हो ।

जिआङ्सी जियाङलिङ ग्रुप इलेक्ट्रिक भेइकल कम्पनी लिमिटेडद्वारा निर्मित जीएस इभी नवपर्यावहनको उच्चतम स्तरको प्रतिबिम्ब रहेको कम्पनीले जनाएको छ । सन् २०१५ मा स्थापना भएको जेएमइभी चीनको उद्योग र सूचना प्रविधि मन्त्रालयबाट इभी उत्पादन योग्यताको मान्यता प्राप्त गर्ने पहिलो कम्पनीहरूमध्ये एक हो । सन् २०१९ मा रेनो समूहले जेएमईभी मा ५० प्रतिशत हिस्सेदारी प्राप्त गरेपछि यसको विश्वव्यापी प्रतिष्ठा झनै मजबुत भएको उत्पादक कम्पनीको दाबी छ ।

सो गाडीमा ४९ किलोवाट आवर को ब्याट्री क्षमता, ९९ किलो वाट मोटर आउटपुट, रेज ४२० किमी रहेको छ । त्यसैगरी १७० मिमी ग्राउन्ड क्लियरेन्स, प्यानोरामिक मूनरुफ, सुरक्षालाई थप मजबुत बनाउन ३६० डिग्रीको एभिएम भिजुअल सिस्टम, मिशेलिन हाओयु ४ म्युट टायरहरू रहेको कम्पनीको भनाइ छ । सो गाडीको नेपाली मूल्य ५३ लाख ९९ हजार रहेको छ ।

## बीवाईडी एम सिक्सको बुकिङ खुला




**काठमाडौं/मस –** बीवाईडी एम सिक्सको बुकिङ खुला भएको छ । नेपालका लागि बीवाईडीको आधिकारिक वितरक साइमेक्स इंकले एम सिक्सको बुकिङ खुला भएको जनाएको हो । कम्पनीकाअनुसार बुकिङ गर्नेहरूले १ लाख ५० हजार रुपैयाँ छुट प्राप्त गर्नेछन् ।

बीवाईडी एम सिक्स नेपालकै पहिलो ७ सिटर एमपीभी हो । यसको मूल्य ५५ लाख र ६० लाख १५ हजार रुपैयाँ रहेको छ । गाडीमा ५५.४ र ७१.८ किलोवाट आवर क्षमताका ब्याट्री हुनेछन् भने १०० किलोवाटको मोटर हुने जनाइएको छ ।

कम्पनीले केही महिनाअघि राइट ह्यान्ड ड्राइभ भर्सनको एम सिक्स उत्पादन गरेको हो । यो कारमा पनि बीवाईडीको अत्याधुनिक नयाँ प्रविधिको ब्लेड ब्याट्री दिइएको कम्पनीले उल्लेख गरेको छ ।

## मुस्ताङमा भिजी मोटर्सको फास्ट चार्जिङ स्टेसन सुरु




**काठमाडौं/मस –** भिजी मोटर्सले ८,९९९ फिट उचाइमा कमर्सियल विद्युतीय सवारीसाधनको फास्ट चार्जिङ स्टेसन सुरु गरेको छ । मुस्ताङ जिल्लाको घरपझोङ गाउँपालिका-४ जोमसोममा कम्पनीले उक्त चार्जिङ स्टेसनको सुरुवात गरेको हो । उक्त चार्जिङ स्टेसनको उद्घाटन मुस्ताङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले गरे ।

उक्त चार्जिङ स्टेसनमा ३२ किलोवाट क्षमताको एउटा डीसी फास्ट चार्जर राखिएको छ । यसले ४५ मिनेटमै विद्युतीय सवारीसाधनको ब्याट्री फुल चार्ज गर्न सक्छ । यसबाट विद्युतीय सवारीसाधन लिएर मुस्ताङ पुग्ने यात्रु तथा मुस्ताङका विद्युतीय सवारी प्रयोगकर्तालाई सुविधा हुने अपेक्षा गरिएको कम्पनीले जनाएको छ । भिजी मोटर्स प्रालि नेपालका लागि एसआरएम र जोलङ ब्रान्डका विद्युतीय सवारीसाधनको आधिकारिक वितरक हो ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**